अध्याय : एक

# अध्ययन पत्रको परिचय

## १.१ विषय परिचय

अनेकतामा एकता, धार्मिक सहिष्णुता, सांस्कृतिक सहभागिता, क्षेत्रीय मेलमिलाप, मानवीय सद्भाव जस्ता पक्षले कुश्मा क्षेत्रको मौलिक र सांस्कृतिक विशेषतालाई झल्काएको पाइन्छ । धर्म निरपेक्ष राष्ट्रका विभिन्न अङ्गका रूपमा रहेका विभिन्न धर्म र संस्कृतिबाट सिर्जित साझा संस्कृति नै हाम्रा विशेषता हुन् ।  यही नै कुश्माको सांस्कृतिक पहिचान हो ।

पर्वत जिल्लाको मुटुमा रहेको कुश्मा बजार एक ऐतिहासिक स्थल हो । कुश्मा नामाकरण हुनुमा रोचक किंवदन्ती सुन्न पाइन्छन् । कुश्मा नगरपालिका ६ निवासी वर्ष ८० का तोयनाथ चालिसेका अनुसार प्राचीन कालमा यहाँका वनजङ्गल, पाखापखेरामा राम्रा-राम्रा फूल पाइन्थे । जुन फूल भगवान्लाई चढ्छन् भनेर टाढा-टाढाबाट मानिस यहाँ आएर टिपेर लाने र पाठपूजा गर्ने मन्दिरमा चढाउने गर्थे । यसरी हरेक पूजामा चढ्ने र हरेक भगवान्लाई मनपर्ने फूल पाइने हुनाले यस ठाउँलाई ‘कुसुमपुर’ भनिन्थ्यो । कुसुमपुर भन्दा भन्दै यसलाई छोटकरी रूपमा कुसुम भन्न थालियो भन्ने किंवदन्ती रहेको पाइन्छ । कुसुम भन्दाभन्दै बोलीचालीमा अपभ्रंश भई कुश्मा नाम रहन गएको भन्ने किंवदन्ती पाइन्छ (वर्ष ७९ का स्थानीय हरीप्रसाद शर्माबाट प्राप्त जानकारी) ।

कुश्मा क्षेत्रमामा प्रशस्त कुश र फलफूल पाइने स्थान भएको हुनाले माता पार्वतीले गङ्गामा स्नान गरी कुसुमपुरबाट फूल टिपी गुप्तेश्वर गुफामा तपस्या गरेको बखतमा शिवजीले वरदान दिएको भन्ने भनाइ रहेको छ । कालान्तरमा कुसुमपुरबाट नाम विस्तारै रूपान्तरित भई यस ठाउँको नाम कुश्मा हुन पुगेको किंवदन्ती पाइन्छ (वर्ष ७० का स्थानीय लोकनाथ आचार्यबाट प्राप्त जानकारी) ।

नेपालमा ७४४ स्थानीय तह लागू हुँदा पर्वत जिल्लामा साविकका कुश्मा नगरपालिकामा ठूलीपोखरी, खौलालाकुरी र आर्थर डाँडाखर्क गाउँ विकास समिति समेटिएका छन् । कुश्मानगरपालिकाको कूल जनसंख्या ३९ हजार ६ सय रहेको छ । यसको क्षेत्रफल ९३.१८ वर्ग किलोमिटर रहेको छ । यस नगरपालिकालाई १४ वटा वडामा विभाजन गरिएको छ । यस नगरपालिकाको सीमाना पूर्वमा मोदी गाउँपालिका कास्की र स्याङ्जा

जिल्ला, पश्चिममा बाग्लुङ जिल्ला उत्तरमा जलजला र मोदी गाउँपालिका तथा दक्षिणमा फलेबास नगरपालिका र स्याङ्जा जिल्लासमेत फैलिएको छ । यहीँ कुश्मामा यहाँका स्थानीय बूढापाकाले भनेर, पछिल्लो पुस्ताले सुनेर अनुभव गरेका रोचक लोककथा प्रचलनमा छन् । मौखिक श्रव्य परम्परामा हुर्कदै आएका लोककथा लोपोन्मुख अवस्थामा पुगेका छन् । यस्ता लोककथालाई जीवन्त रूप दिन खासै प्रयास भएको छैन । नेपाली लोककथालाई बोधविक्रम अधिकारीले दन्त्यकथाका रूपमा सङ्कलन गरे जस्तै कुश्मा क्षेत्रका लोककथालाई सङ्कलन गरी कृतिका रूपमा ल्याउन सकिन्छ ।

हालसम्मको अध्ययनमा नमूना आवासीय मा.वि.ले रजत जयन्तीको अवसर पारेर प्रकाशन गरेको स्मारिकामा चार जना विद्यार्थीका लोककथा उन्मुख कथा सङ्कलन गरेको पाइन्छ । त्यसैगरी, नवमाधुरी साहित्यिक त्रैमासिक पत्रिका अङ्क १५ र अङ्क २५ मा दुई ओटा लोककथा उन्मुख कथा प्रकाशन भएका छन् । त्यस बाहेक कसैले पनि लोककथाको बारेमा चासो नराखेकाले लोककथा मौखिक परम्परामा नै सीमित छन् । मौखिक श्रुति परम्परामा आफ्नो पहिचान कायम राख्दै आएका लोककथाको लेखन तथा प्रकाशनमा नल्याउने हो भने आगामी दिनमा यसको अस्तित्व हराउँदै जान सक्ने सम्भावना छ । त्यसकारण यस अध्ययनपत्रमा कुश्मा क्षेत्रमा प्रचलित लोककथाको खोज र सङ्कलन गरी अध्ययन विश्लेषण गर्ने प्रयास गरिएको छ ।

## १.२ अध्ययनपत्रको शीर्षक

प्रस्तुत अध्ययनको शीर्षक 'कुश्मा क्षेत्रमा प्रचलित लोककथाको अध्ययन' रहेको छ ।

## १.३ अध्ययनको प्रयोजन

प्रस्तुत अध्ययनपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत नेपाली विषयको स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको नेपाली (५४०-६) अध्ययनपत्र अन्तर्गत ५० पूर्णाङ्कको अध्ययनपत्र प्रयोजनका लागि प्रस्तुत गरिएको छ ।

## १.४ समस्या कथन

प्रस्तुत अध्ययन कार्य निम्नलिखित समस्याहरूमा केन्द्रित रही सम्पन्न गरिएको छ :

१. कुश्मा क्षेत्रमा प्रचलित लोककथाको स्थिति कस्तो छ ?

२. कुश्मा क्षेत्रमा प्रचलित लोककथाको सङ्कलन र वर्गीकरण कसरी गर्न सकिन्छ ?

३. कुश्मा क्षेत्रमा प्रचलित लोककथाका विशिष्टता के-के हुन् ?

## १.५ अध्ययनको उद्देश्य

शोध समस्यामा माथि उल्लेखित समस्या कथनसँग सम्बन्धित प्रश्नको समाधान गर्न प्रस्तुत अध्ययनपत्रको उद्देश्य तपसिल बमोजिम रहेको छ :

१. कुश्मा क्षेत्रमा प्रचलित लोककथाको स्थिति पत्ता लगाउनु,

२. कुश्मा क्षेत्रमा प्रचलित लोककथाको सङ्कलन र वर्गीकरण गर्नु,

३. कुश्मा क्षेत्रमा प्रचलित लोककथाका विशिष्टता पत्ता लगाउनु ।

## १.६ पूर्वकार्यको विवरण

लोककथा लोकसाहित्यको एक उत्कृष्ट विधा हो तापनि यसको अध्ययन परम्परा त्यति व्यापक भइसकेको छैन । यस परिस्थितिमा कुश्मा क्षेत्रमा केन्द्रित रहेर लोककथाको अध्ययन गरिएको नपाइनु स्वभाविकै हो । यस क्षेत्रलाई आधार मानी लेखिएका लोककथा सङ्कलन गरिएको र विश्लेषण गरिएको पाइँदैन लोककथा अन्य क्षेत्रमा पनि भन्ने र सुन्ने पाइन्छ ।

तुलसी दिवसद्वारा 'नेपाली लोककथा केही अध्ययन' कृतिमा नेपाली लोककथालाई चिनाउँदै नेपाली लोककथाको वर्गीकरणमा विभिन्न विद्वान्का वर्गीकरणगत आधार उल्लेख गरेका छन् (दिवस, २०३२ : ३८) उनको यस कृतिमा कुश्मा क्षेत्रका लोककथाका बारे केही सङकेत गरेको भने पाइँदैन ।

दयाराम श्रेष्ठद्वारा 'प्रारम्भिक कालको नेपाली साहित्य इतिहास र परम्परा' कृतिमा प्रारम्भिक कालको नेपाली इतिहासलाई चिनाउने क्रममा नेपाली लोककथालाई पनि चिनाउने प्रयास गरिएको छ (श्रेष्ठ, २०४० : १८) । उनले यस कृतिमा लोककथाको सामान्य अवधारणा दिए तापनि कुश्मा क्षेत्रमा प्रचलित लोककथाका बारे केही सङ्केत गरेका छैनन् ।

मोतीलाल पराजुलीद्वारा 'नेपाली लोककथाको अभिप्रायहरूको अध्ययन' नामक शोध कृतिमा नेपाली लोककथालाई चिनाउने क्रममा नेपाली लोककथाको बारेमा परिचय दिएको

पाइन्छ । (पराजुली, २०५५ : १२) उनको यस शोध कृतिमा पनि कुश्मा क्षेत्रमा प्रचलित लोककथाका बारेमा केही उल्लेख भएको पाइँदैन ।

कृष्णप्रसाद पराजुलीद्वारा 'नेपाली लोकगीतको आलोक' कृतिमा नेपाली लोकगीतलाई चिनाउने सन्दर्भमा नेपाली लोककथाको सामान्य परिचय दिइएको छ । (पराजुली २०५७ : ११) उनको यस कृतिमा कुश्मा क्षेत्रका लोककथाका बारेमा केही चर्चा भएको छैन ।

नमूना आवासीय मा.वि.ले आफ्नो रजत जयन्तीको अवसर पारेर प्रकाशित गरेको स्मारिकामा चार जना विद्यार्थीका लोककथा सङ्कलन गरेको पाइन्छ । पर्वतबाट प्रकाशित नवमाधुरी साहित्यिक त्रैमासिक पत्रिका अङ्क १५ मा एक र अङ्क २५ मा दुई ओटा लोककथा समावेश गरिएका छन् । यी लोककथाले कुश्मा क्षेत्रको लोककथाको विकासमा पाइला चाल्न खोजे पनि यस क्षेत्रका लोककथालाई निरन्तरता दिएर अघि बढ्ने प्रयास हुन सकेको छैन ।

त्रि.वि. मानविकी तथा सामाजिकशास्त्र सङ्काय स्नातकोत्तर तह द्वितीय वर्ष आठौं पत्रको परिपूर्तिका लागि शोधार्थी दिवाकर जैसीले 'मोदीवेनी क्षेत्रका लोककथाको सङ्कलन र वर्गीकरण' गर्ने काम गरेका छन् । यस क्षेत्रका लोककथातर्फ उनको ध्यान जान सकेको देखिन्न ।

त्रि.वि. मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्षको दसौँपत्र (५१०-६) को प्रयोजनका निम्ति अध्ययनकर्ता विष्णुप्रसाद बरालले गरेको उक्त अध्ययनपत्रमा 'पो.उ.म.न.पा. भित्र प्रचलित लोककथाको अध्ययन' गर्ने काम गरिएको छ । उक्त अध्ययनपत्रमा पनि कुश्मा क्षेत्रमा प्रचलित लोककथा समेटिएको छैन ।

त्रि.वि. मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्ष दसौँपत्र (५१०) को परिपूर्तिका लागि शोधार्थी रामचन्द्र गौतमले 'फुप्राङकोट क्षेत्रमा प्रचलित लोककथाको सङ्कलन, वर्गीकरण र विश्लेषण' गरेका छन् । उक्त शोधमा पनि कुश्मा क्षेत्रमा प्रचलित लोककथाको भने त्यहाँ कतै उल्लेख पाइँदैन ।

शुक्ला साहित्य सङ्गम तनहुँद्वारा प्रकाशित 'शुक्ला प्रवाह' कथा विशेषाङ्कमा बूढापाकाद्वारा सङ्कलित चार ओटा लोककथाहरू प्रकाशित भए पनि कुश्मा क्षेत्रमा प्रचलित लोककथाका बारेमा केही उल्लेख गरिएको पाइँदैन ।

लोककथा हाम्रो पुरानो संस्कृति हो । संस्कृतिको संरक्षण आजको आवश्यकता हो । त्यसका लागि लोककथाका बारेमा विभिन्न स्रष्टा, साधक र अध्येताले अध्ययन विश्लेषण गरे तापनि कुश्मा क्षेत्रका लोककथामा हालसम्म कसैको नजर पर्न सकेको छैन ।

## १.७ अध्ययनको औचित्य

लोकसाहित्य परम्परागत साहित्य वा लिखित साहित्यको जन्मदाता हो । यसको अध्ययन गरी जीवन्त रूप दिन अति आवश्यक हुन आउँछ । लोकसाहित्य अन्तर्गत पर्ने कतिपय विधामध्ये लोककथालाई महत्त्वपूर्ण विधाका रूपमा लिएको पाइन्छ । लोककथाको उचित सम्वर्द्धन गर्न आवश्यक भएकोले यसको अध्ययन गर्नु औचित्यपूर्ण देखिन्छ । पर्वत जिल्ला अन्तर्गत कुश्मा क्षेत्रमा प्रचलित लोककथाका बारेमा हालसम्म कसैबाट अध्ययन अनुसन्धान भएको पाइँदैन । प्रस्तुत अध्ययन कार्यले यस क्षेत्रमा प्रचलित लोककथाको प्रकार र तिनले दिने सन्देशका बारेमा लोककथाको अन्य अध्येता, अध्यापक र सर्वसाधारणलाई समेत विस्तृत जानकारी दिने हुनाले यो अध्ययन औचित्यपूर्ण छ ।

## १.८ अध्ययनको क्षेत्र र सीमा

नेपालको संविधान २०७२ अनुसार राज्य पुनः संरचनाका आधारमा प्रदेश नं. ४ अन्तर्गत पर्ने पर्वत जिल्लाको कुश्मा नगरपालिकाको कुश्मा बजार क्षेत्र वरपर ज्ञादी, चुवा, पाङ, खुर्कोट, दुर्लुङ्ग, पकुवाजस्ता गाउँ र टोलहरू रहेका छन् । यी गाउँ टोलको प्रमुख केन्द्रबिन्दु कुश्मा बजार हो भने माथि उल्लेखित कुश्मा क्षेत्रको सेरोफेरो नै प्रस्तुत अध्ययनपत्रको आधार क्षेत्र रहेको छ ।

## १.९ अध्ययन विधि

प्रस्तुत अध्ययनपत्रमा लोककथा सम्बन्धी सामग्री सङ्कलनका सिलसिलामा क्षेत्रकार्य विधिलाई प्रयोग गरिएको छ । आवश्यकता अनुसार स्थलगत परामर्श तथा अन्तर्वार्ता, पुस्तकालयीय र स्वाध्ययन अन्तर्गत आगमनात्मक विधिको प्रयोग गरिएको छ ।

## १.१० अध्ययनपत्रको रूपरेखा

अध्ययनपत्रलाई व्यवस्थित रूपमा सम्पन्न गर्न निम्नानुसारको रूपरेखामा अध्याय विभाजन गरिएको छ ।

अध्याय एक : अध्ययनपत्रको परिचय

अध्याय दुई : लोकसाहित्य र लोककथाको सैद्धान्तिक परिचय

अध्याय तीन : कुश्मा क्षेत्र र यहाँका लोककथाको सङ्कलन र वर्गीकरण

अध्याय चार : कुश्मा क्षेत्रमा सङ्कलित लोककथाको अध्ययन

अध्याय पाँच : उपसंहार

अध्याय दुई

# लोकसाहित्य र लोककथाको सैद्धान्तिक परिचय

## २.१ लोकसाहित्यको परिचय

लोकसाहित्य शब्द 'लोक' र 'साहित्य' दुई शब्दको समासबाट निर्माण भएको शब्द हो । त्यसैले लोकसाहित्यको अर्थ लोकको साहित्य भन्ने हुन्छ । त्यस्तैगरी संस्कृत वाङ्मयमा 'लोक' शब्दको प्रयोग खास गरी दुई अर्थमा भएको पाइन्छ । स्थान वाचकका रूपमा लोक शब्दले स्वर्गलोक, मर्त्यलोक जस्ता स्थानको अर्थ लाग्छ । लोक शब्द भन्नाले सामान्य जनतालाई बुझिन्छ (बन्धु, २०७१ : १३) । लोक भनेको जनता हो । लोकसाहित्यमा जन भन्दा लोक शब्दको प्रयोग गरिन्छ । लोकसाहित्य पुरानो परम्परा बोकेको सबै खाले समुदायले मन पराउने लोकप्रिय विधा भएकाले यसमा प्राकृतिक र यथार्थ हुन्छ । सङ्क्षिप्तमा भन्दा मानवको सहज, स्वाभाविक, प्राकृतिक भावना र कल्पनाको अभिव्यक्ति नै लोकसाहित्य हो ।

## २.२ लोकसाहित्यको परिभाषा

लोकसाहित्य मौखिक परम्परामा सुरक्षित रहने हुँदा लोकसाहित्यलाई अलिखित साहित्य भनिन्छ । लोक शब्दले जनसमुदाय, सर्वसाधारण ठाउँ वा संसार भन्ने बुझिन्छ । लोकसाहित्यलाई विभिन्न विद्वान्ले विभिन्न तरिकाले परिभाषित गरेका छन् । जसमध्येका केही परिभाषा यस प्रकार उल्लेख गर्न सकिन्छ :

१. प्राकृतिक परिवेशमा निवास गर्ने आधुनिक सभ्यतादेखि टाढा रहेका आचार विचार एवम् जीवन परम्परायुक्त नियममा नियन्त्रित तथाकथित अशिक्षित एवम् असंस्कृत जनतालाई लोक भनिन्छ । तिनीहरूको सुखदुःखको साहित्यलाई नै लोकसाहित्य भनिन्छ (उपाध्याय, सन् १९९८ : ११) ।
२. लोकले सजिलै बुझ्न र अनुभव गर्न सक्ने भाषा र भावनामा निर्मित मानव मुटुको स्पन्दनबाट निस्केको मीठो आकर्षणमय मौखिक साहित्य नै लोकसाहित्य हो (थापा र सुवेदी, २०४१ : १८) ।

३. लोकसाहित्य लोक जीवनको सरल र सशक्त मौलिक अभिव्यक्ति हो । साझा वाणी साधन हो । यसमा जनसाधारणका सम्पूर्ण क्रियाकलाप, रीतिरिवाज, रहनसहन, उच्छवास-आकाङ्क्षा, पीडा-उमङ्ग आदिको अभिव्यजना हुन्छ (पराजुली, २०५७ : २३) ।

४. लोकसाहित्यमा ललितयुक्त र भावपूर्ण भाषिक कलाका रूपमा साहित्यलाई परिभाषित गरिएको हुन्छ । समाजमा परम्परादेखि हस्तान्तरित हुँदै आएको अभिव्यक्ति नै त्यस समुदायको लोकसाहित्य हो (बन्धु, २०७१ : १३-१४) ।

५. लोक शब्दले जनसमुदाय, सर्वसाधारण, ठाउँ वा संसार भन्ने बुझिन्छ । लोक शब्दको व्युत्पत्ति सम्बन्धमा 'लोक दर्शने' धातुमा 'धज्' प्रत्यय लागि लोक शब्द निर्मित हुन्छ । 'लोक' धातुबाटै अन्य पुरुषमा 'लोकते' हुन्छ जसको अर्थ देख्ने वा हेर्ने हो । हेर्ने वा देख्ने समस्त जनसमुदाय नै हुने हुँदा जनसमुदायको साहित्य नै लोकसाहित्य हो भन्ने बुझिन्छ (अज्ञात, २०६७ : १०) ।

६. ऋग्वेद, उपनिषद् आदिमा पनि प्रयोग हुँदै आएको लोक शब्द निकै प्राचीन शब्द हो । वेदमा यसले स्थानलाई अर्थ्याएको पाइन्छ भने कहीँ जनसमुदायलाई बुझाएको छ । अहिले यसलाई व्यापक अर्थमा ग्रहण गर्न सकिन्छ (बास्तोला, २०७१ : ६) ।

७. आदिम मान्छेको जीवन सरल, सहज, स्वाभाविक र अकृतिम थियो । जसमा कृतिमताको स्पर्श, महत्त्वाकाङ्क्षा, स्वार्थ र उद्देश्य थिएन, जसले गर्दा लोकसाहित्य व्यक्तिको निजी सम्पत्ति बन्न पाएन र सोही सम्पत्ति लोकसाहित्य हो (गौतम, २०७२ : ३०३) ।

प्रस्तुत परिभाषाबाट के बुझिन्छ भने, लोकसाहित्य लेखक अज्ञात रहेको लोकको साहित्य हो । जुन साहित्य एक पुस्ताबाट अर्को पुस्तामा सर्दै जाने ग्रामीण समाजका अपठित व्यक्तिको भावना बोक्ने साहित्य हो । यो साहित्य भित्र लोकजीवन प्रकट भएको हुन्छ । जुन साहित्य हाम्रो समाजमा सदैव जीवित रहदै आएको छ । यसैले लोकसाहित्यमा लोकमा रहने सर्वसाधारण जनताका प्रत्यक्ष क्रियाकलापको सुगन्ध पाइन्छ ।

## २.३ लोकसाहित्यका विशेषता

कुनै विषयवस्तुमा पाइने खास गुणलाई विशेषता भनिन्छ । जसमा लोक मानसको भावात्मक अभिव्यक्ति अभिव्यक्त भएको पाइन्छ । लोकसाहित्य लोकजीवनको मौखिक

परम्परामा हुर्केको कहिल्यै नओइलाउने लोकको साझा सम्पत्ति हो । लोक भनेको कुनै देश राष्ट्र वा भाषिक क्षेत्रको जनसमुदाय हो । यसै समुदायबाट जीवनका अनुभव, सुखदुःखका सुसेली र सुस्केरामा भिजेर विकसित हुँदै लोकसाहित्यको सिर्जना हुन्छ । जनमानसको आन्तरिक भावनाको सहज स्वस्फूर्त अभिव्यक्ति नै लोकसाहित्य हो ।

लोकसाहित्यका विशेषतालाई चिनाउने क्रममा विभिन्न अध्येताले आ-आफ्नो फरक फरक मत अभिव्यक्त गरेका छन् । जसमा चूडामणि बन्धुले सामुदयिकता, पारम्परिकता, मौखिकता र गतिशीलता यसका विशेषता हुन् भनेका छन् (बन्धु, २०७१ : ३२) । यसैगरी, कतै मौखिक परम्परा, सामूहिकता, काल्पनिकता, सरलता र सरसता तथा मनोरञ्जकता लोकसाहित्यका विशेषता हुन् भनिएको पाइन्छ । कतै लोकज्ञानको प्रवलता, सामूहिक सिर्जना, परम्परागत अनुशरण, मौखिक प्रकारता, संरचना, अजटिलता, निरन्तर गतिशीलता र लोकप्रियता लोकसाहित्यका विशेषता हुन् भनेको पाइन्छ । यिनै विभिन्न मतलाई आधार मानेर हेर्दा लोकसाहित्यका विशेषतालाई निम्न बुँदामा उल्लेखत गर्न सकिन्छ ।

### २.३.१ मौखिक परम्परा

लोकसाहित्य भाषागत लिपिभन्दा अगाडिबाट नै रचिने, गाइने र अभिव्यक्त गर्न थालिएको पाइन्छ । लोकसाहित्य परापूर्वकालदेखि नै मौखिक रूपमा हुर्कदै आएको साहित्य हो । यो पुस्तान्तरमा पनि मौखिक रूपमा हस्तान्तरित हुँदै आएको छ । यो एक व्यक्तिको मुखबाट अर्को व्यक्तिको मुख हुँदै गाइँदै, सुनाइँदै, समय अनुसार परिवर्तन हुँदै, एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण हुने गर्छ । यो मौखिक रूपमा फुल्दै र विकसित हुँदै आए पनि समयको परिवर्तनसँगै गतिशील हुँदै आएको छ । त्यसैकारण मौखिक रूपमा हुर्कनु यसको विशेषता हो ।

### २.३.२ कल्पनाको प्रधानता र गतिशीलता

लोकसाहित्य औपचारिक र अनौपचारिक दुवै जनसमुदायको सरल अभिव्यक्ति हो । यो कथ्य परम्परामा आधारित हुने भएकाले कल्पना र भावनामा थपिँदै जान्छ । जुन लोक यथार्थको धरातलमा टेकेर सरलताका साथ अगाडि बढ्दछ । जसमा काल्पनिकता बढी मात्रामा हुन्छ । असम्भव घटनाले पनि कल्पनाका माध्यमले सिर्जना गर्न सकिन्छ । अभिव्यक्तिगत रूपमा काल्पनिकताको महत्त्वपूर्ण भूमिका यसमा रहन्छ । लोकसाहित्यमा सबै

पक्षको उत्तिकै सहभागिता हुन्छ । मानिसको मनमा उत्पन्न हुने उत्साह, रोदन, शोक, करुणा जस्ता भाव लोकसाहित्यमा भेटाउन सकिन्छ त्यसैले काल्पनिकता लोकसाहित्यको अर्को महत्त्वपूर्ण विशेषता हो ।

यस्तै, लोकसाहित्य समयको प्रवाह अनुसार परिवर्तन भइरहन्छ । समयान्तरमा पहिलेका लोकगीत, लोककथा, लोकसाहित्य र अहिलेको लोकसाहित्यमा ठूलो परिवर्तन भएको पाइन्छ । पुस्तान्तरमा लोकसाहित्य पनि रूपान्तरण हुँदै आइरहेको छ । त्यसैकारण समय अनुसार गतिशील हुनुलाई लोकसाहित्यको अर्को विशेषता हो भन्न सकिन्छ ।

### २.३.३ सामाजिक भावना र स्वाभाविकता

लोकजीवनका भावना र कल्पना सामाजका साझा सम्पत्ति हुन् । कुनै पनि एक व्यक्तिको काल्पनिक सिर्जना समाजका कयौँ व्यक्तिको भावनासँग मिलेको हुन्छ । जहाँ सामाजका सुख-दुःख पीडा-व्यथा, हाँसो-आँसु आदिको अभिव्यक्ति हुन्छ । यो म र मेरो भावनाबाट हामी र हाम्रो सामूहिक भावनामा सहज रूपले परिणत हुन्छ । रचनाकार जुनसुकै भए पनि हकदार र संरक्षक सिंगो समाज नै हुन्छ । प्रस्तुतिमा स्वाभाविकता हुनाले नै लोकसाहित्य सरल हुने गर्दछ । लोकमा प्रचलित सरल र सरस कर्णप्रिय भाषाको प्रयोग हुन्छ । स्वतःस्फुर्त स्वाभाविक स्वरूपमा सिर्जित हुन्छ । यसैकारण सरल, सहज र स्वाभाविकता लोकसाहित्यको अर्को विशेषता हो ।

### २.३.४ विषयगत विविधता र मनोरञ्जनात्मकता

लोकसाहित्यले लोकजीवनका सबै कुरामा साथ दिन्छ । विषयवस्तुको अवस्था अनुसार आँसु-हासो, दुःख-सुख आदि परिस्थिति र अवस्था अनुसार लोकजीवन अभिव्यक्त हुन्छ । लोकजीवनमा हर्ष साथ चाडपर्व, कुनै संस्कार मेला, उत्सव, जात्रा आदिमा रमाएर आनन्द लिने कार्य नै लोकसाहित्य हो । जहाँ गीत, संगीत, नृत्य, अभिनय, कथा, उपकथा, आदिले असीमित मनोरञ्जन दिने गरेको पाइन्छ । संस्कृति, परम्परा, चाडपर्व, मेला, उत्सवमा भावअनुसार लोकसाहित्य गुञ्जयमान हुनु लोकसाहित्यको विशेषता हो ।

### २.३.५ सरलता र स्वतन्त्रता

लोकसाहित्य लिखित साहित्य भन्दा निकै सरल र पाठकलाई आनन्द सन्तुष्टि प्रदान गर्ने हुन्छ । समाजका जुनसुकै वर्गका व्यक्तिले बुझ्ने झर्रा, कोमल र सरल शब्द विन्यासका वाक्य लोकसाहित्यमा हुन्छन् । समाजको चालचलन, भेषभूषा, संस्कृति र त्यहाँको जातीय लवजको स्थानीय रङ्ग भएको भाषा प्रयोग हुन्छ । लोकसाहित्य एक व्यक्तिद्वारा रचिने भए पनि यो लिखित भई स्थिर नहुने र सट्टामा मौखिक रूपमा एक व्यक्तिबाट अर्को व्यक्तिमा, एक ठाउँबाट अर्को ठाउँ, एक पुस्ताबाट अर्को पुस्तामा सर्दै जाने हुँदा व्यक्ति स्थान र समय अनुसार परिवर्तशिलताको गुणले लोकप्रिय हुन्छ । यसैगरी, अभिव्यक्तिगत स्वतन्त्रता लोकसाहित्यमा हुने गर्दछ । यसमा स्वतन्त्र अभिव्यक्ति हुने हुँदा सिर्जनाका क्रममा कसैलाई बार बन्धन हुँदैन । लोकसाहित्यको शैली स्वच्छन्द र स्वतःस्फुर्त हुन्छ त्यसैले सरलता र स्वतन्त्रता लोकसाहित्यको अर्को विशेषता हो ।

### २.३.६ सामूहिकता

लोकसाहित्यले सामुहिक भावनालाई प्रतिनिधित्व गरेको हुन्छ । यसका विविध उपविधालाई हेर्दा कुनै पनि एकल विधाका रूपमा रहेको पाइँदैन । लोकसाहित्यले लोकबाटै जीवन्तता पाउनुका साथै लोकसमाजद्वारा नै अनुप्राणित भएको हुन्छ । लोकसमाज सामूहिकतामा हुर्केको हुन्छ । जसका कारण लोकसाहित्यमा सामूहिकता पाइन्छ । जस्तो, लोकगीत जसले गाए पनि गीतका दुःख र उल्लासका स्वर समूहका भएर गुञ्जन्छन् । लोकगीतले ऐना समाजका भावनात्मक र रागात्मक तस्वीरलाई देखाए जस्तै लोककथाले वहन गर्ने प्रेम, नम्रता, हासो, रोदन, घृणा जस्ता भाव व्यक्तिका नभएर समूहमा परिणत हुने हुँदा सामूहिकता लोकसाहित्यको महत्त्वपूर्ण विशेषता हो ।


यसरी मौखिक लोक हृदयको स्वतःस्फर्त, लयात्मक आलाप र रागात्मक अभिव्यक्ति नै लोकसाहित्य हो । समयान्तरले लोकसाहित्यका तत्त्वमा विद्वान्का पृथक धारणा आउनु स्वाभाविकै हो । माथिका विशेषताले यिनै कुराको पुष्टि हुन्छ ।

## २.४ लोकसाहित्यका विधा

साहित्यको क्षेत्र निकै फराकिलो रहेको पाइन्छ । लोकसाहित्यलाई कतै लिखित र अलिखित त कतै संस्कारमूलक रूपमा र विषयवस्तुका आधारमा वर्गीकरण गरेको पाइन्छ ।

लोकसाहित्यका विधालाई विभिन्न विद्वान्ले फरक-फरक तरिकाबाट वर्गीकरण गरेका छन् । चूडामणि बन्धुले लोकगीत, लोककविता, लोककाव्य, लोकगाथा, लोकनाटक, लोककथा, उखान र टुक्काहरू एवम् पहेली गरी वर्गीकरण गरेका छन् (बन्धु, २०६६ : २७-३०) । मोतीलाल पराजुलीले भाषिक अभिव्यक्ति, प्रस्तुतीकरण, संस्कार वा अनुष्ठान र विषयवस्तुका आधारमा लोकसाहित्यको वर्गीकरण गरेका छन् (पराजुली, २०४९ : ७) ।

जो जसले जे जसरी परिभाषित गरे तापनि लोकसाहित्य लोक जीवनको मौखिक एवम् लिखित अभिव्यक्ति हो । आदिकालदेखि एकबाट अर्को व्यक्ति, समय, स्थान र पुस्ता हुँदै सर्दै आएको छ । यसका पनि लेख्य साहित्यका जस्तै विधा हुन्छन् । समग्रमा लोकसाहित्यका विधालाई निम्नानुसार वर्गीकरण गर्न सकिन्छ :




यसरी विभिन्न विद्वान्ले यसका विधाको उल्लेख गरे तापनि लोकगाथा/कविता, लोककथा, लोकनाटक, लोकगीत, उखानटुक्का र गाउँखाने कथा आदिलाई मान्न सकिन्छ । यी विभिन्न विधाका आ-आफ्नै लक्षण र वैशिष्टय छन् । प्रस्तुत अध्ययनपत्र कुश्मा क्षेत्रका लोककथाको अध्ययनमा मात्र केन्द्रित भएकाले तिनैलाई आधार मान्दै लोकसाहित्यका विविध विधाको सङ्क्षेपमा चर्चा गरिएको छ ।

### २.४.१ लोकगाथा

गाथा शब्दको प्रयोग बढी मात्रामा गेयता भएका मौखिक परम्पराका गीतिकथाका निम्ति गरिएको छ । ढुस्को, भैनी, भमारी चाँचरी, ओहाली, गोडेलो तथा अन्य सामाजिक विषयका गीति कथा यस अन्तर्गत पर्दछन् (बन्धु, २०६० : ७७) । नेपालको सुदूरपश्चिम क्षेत्रमा रोपाइँ गर्दा ढुस्को र भैनी गाउने चलन छ । रोपाइँ गर्दा ढोलीहरू ढोल बजाउँदै

ढुस्को गाउँछन् । भागेश्वर र नागकल्लको प्रतिद्वन्द्विताबारे एउटा ढुस्को गाएमा वर्षा भई खेतीबाली राम्रो हुन्छ भन्ने अहिलेसम्म जनविश्वासको रूपमा छँदैछ । ढुस्को चैत गएपछि पनि गाइन्छ (बन्धु, २०६० : ७७) । यसरी हेर्दा लोकगाथा लोकको बहुमूल्य सम्पत्ति हो । गीति शैलीमा रचिएको लोककथालाई लोकगाथा भनिन्छ । यो गाथा देवीदेवता र वीर पुरुषका वीरतापूर्ण कार्य वा कुनै उल्लेखनीय सामाजिक घटनायुक्त कथानकमा आधारित हुन्छ । गाथाहरू कथा वा आख्यान तत्त्वका दृष्टिले लोकगीत नजिक देखिन्छन् । यस्ता गीतमा आख्यान हुने हुँदा आख्यान गीत र कथानक गीत पनि भनिन्छ । लोकगाथामा मुख्य कथानक, लोकतत्त्व र लयात्मकता गरी तीन तत्त्व हुन्छन् । लय, लालित्य र रसले यो ओतप्रोत हुन्छ (अज्ञात, २०६७ : २०) । यी तत्त्वले लोकगाथा लोकप्रिय भएको पाइन्छ ।

### २.४.२ लोककथा

नेपाली लोकसाहित्यको महत्त्वपूर्ण उपविधा लोककथालाई मानिन्छ । लोककथा विभिन्न अवसरमा घटेका घटनाको आधारमा तयार पारिन्छ । यसमा वक्ता र श्रोता दुवैको आवश्यकता पर्दछ । लोककथामा काल्पनिकता, वास्तविकता, अतिरञ्जनात्मकता, धार्मिकता र औपदेशिकता पाउन सकिन्छ । लोककथामा ढुङ्गा, माटो, पशुपंक्षी आदि पात्र भएर बोल्दछन् । निर्जीव वस्तु सजिव जस्तै संवाद गर्दछन् । लोककथाको जन्म जङ्गली युगदेखि भएको पाइन्छ । 'लोककथामा एकादेशमा...' भनेर कथा प्रारम्भ गर्ने थेगो बनाइएको हुन्छ भने समाप्तिमा पनि 'सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला, यो कथा वैकुण्ठ जाला, भन्ने बेलामा तुरुन्त आउला...' भनेर टुङ्ग्याई रोचकता थपिएको हुन्छ । लोककथालाई पौराणिक, परि र नीति कथा गरी विभाजन गरिएको पाइन्छ ।

### २.४.३ लोकनाटक

लोकनाटक गेयात्मक र अभिनयात्मक विधा अन्तर्गत पर्दछ । यसमा गीत, सङ्गीत र नृत्य समावेश गरिएको हुन्छ । जहाँ मञ्च, नृत्य र सङ्गीतका साथै पात्रको चयन गरिएको हुन्छ । लोकनाटकलाई लोकसाहित्यको महत्त्वपूर्ण विधाको रूपमा लिन सकिन्छ । लोक तत्त्वलाई शारीरिक अभिनयद्वारा लोकनाटकमा प्रस्तुत गरिन्छ । लोकनाटकमा नृत्य, गीत र सम्भावित सानातिना घटना संवादयुक्त कथावस्तु रहन्छन् ।

नेपाली समाजमा यस प्रकारका अभिनयात्मक कथ्य अर्थात् गीत, सङ्गीत र नृत्यसहितको विधाका रूपमा घाटु, गाइजात्रा, इन्द्रजात्रा, मारुनी, बालुन प्रचलित छन् । लोकनाटक विधिविधानसहित शुरू र अन्त्य गरिन्छ । कथावस्तुमा कथा बुनिन्छ । पात्रले अभिनय गर्दै सन्देशसहित नाटक समापन गरिन्छ । सोरठी, घाँटु, नचरी, लीला, चरित्र, बालुन लोकनाटकका उदाहरण हुन् ।

### २.४.४ लोकगीत

लोकसाहित्यको सबैभन्दा प्रमुख र लोकप्रिय विधाका रूपमा लोकगीतलाई मानिन्छ । लोकगीत लोक जीवनको रागात्मक स्वतः स्फूर्त लयात्मक अभिव्यक्ति हो । यसमा लोकजीवनका दुःख-सुख, आसु-हासो, आशा-निरासा, लोकको चालचलन, विधि व्यवहार, आस्था र मान्यताको चित्रण हुन्छ । लोकगीतमा जन्मदेखि मृत्युसम्मका सम्पूर्ण पक्ष समावेश हुन्छन् । लोकगीतमा मानव जीवनका परिदृश्य लयात्मक अभिव्यक्तिका माध्यमबाट प्रस्फुटन हुन्छन् । यो विधा लोकमा प्रचलित छ र विभिन्न रूपमा परिभाषित गरेको पाइन्छ । सोहीकारण प्राज्ञिक क्षेत्रमा अध्ययन र अनुसन्धानको विषय पनि हुँदै आएको पाइन्छ ।

### २.४.५ उखान टुक्का

उखान लोकसाहित्यको स्वादिलो र चोपिलो विधा हो । लोकले मान्यता दिएका ठूला वडा भलादमी, अझैँ अनुभवले खारिएका व्यक्तिका अनुभव निचोडका रूपमा निस्किदा उखानको जन्म भएको देखिन्छ । लामो समयको अनुभव, ज्ञान र भोगाइबाट उखानको जन्म भएको हो । उखान र उक्ति एउटै जस्ता लाग्दछन् । उक्ति अभिधेय अर्थ वा एउटै जस्तो लाग्दछन् तर उक्ति अभिधेय अर्थ वा सोझो अर्थ दिने हुन्छन् (बन्धु, २०६० : १०७) । केही विद्वान्ले टुक्कालाई वाक्यांश, वाक्य पद्धति वा वाग्धारा भनेको पाइन्छ । टुक्कामा आएका पद सधैँ एउटै अवस्थामा रहन्छन् । यिनीहरूमा परिवर्तन गर्न सकिन्न । अर्काको सहारामा अर्थलाई लाक्षणिक बनाउने सामान्य रूपमा दुई शब्दबाट बनेको वाक्यांश टुक्का हो ।

### २.४.६ गाउँखाने कथा

लोकजीवनमा बौद्धिक क्षमताको परीक्षण गर्न गाउँखाने कथाको प्रचलन रहेको देखिन्छ । गाउँखाने कथामा कुनै कथात्मक सूत्र वा घटनावली नभएर प्रश्नोत्तर पद्धति हुन्छ ।

गाउँखाने कथा गद्य र पद्य दुवै खालका हुन्छन् । मानिस दैनिक काम सकेर फुर्सदको वेलामा बसिबियालो गर्दा गाउँखाने कथा भन्ने गर्दछन् । गाउँखाने कथामा कथानक हुँदैन भने आफ्नैपन र बान्की प्रदर्शन हुन्छ ।

## २.५ लोककथाको परिभाषा

लोकसाहित्यका विभिन्न विधा लोकगीत, लोककथा, लोककविता, लोकनाटक, गाउँखाने कथा, उखानटुक्का जस्तै लोककथा पनि लोकसाहित्यको एउटा उत्कृष्ट विधाका रूपमा स्थापित भएको छ । लोककथा सुन्ने र सुनाउने प्रचलन मानव सभ्यताको आदिकालदेखि प्रारम्भ भई हालसम्म कायम रहेको छ । लोककथा एक ठाउँबाट अर्को ठाउँमा सर्न सक्छ । आफ्नो देश, गाउँ, समाजको मौलिक उपज हुन सक्दछ । जुनसुकै ठाउँमा भए पनि सबैले अभिरुचिपूर्वक ग्रहण गर्दै आएको लोककथा रोचक र ज्ञानमूलक विधाका रूपमा रहँदै आएको छ । लोककथा विधाले हरेक जातजाति, भाषाभाषी, धर्मसंस्कृति, रीतिरिवाज आदिमा कुनै न कुनै रूपमा आफ्नो पहिचान र प्रभाव प्रस्तुत गरिरहेकै हुन्छ । लोककथा लोकबासीको मनका अन्तरकुन्तरमा सजिलैसँग धेरथोर मात्रामा पाउन सकिन्छ । यहाँ लोककथालाई चिनाउन उपयुक्त लागेको हुनाले मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेलका भनाइ प्रस्तुत गरिएको छ ।

नेपाली समाजमा लोककथा बेलुकाको समयमा अगेनाको वरिपरि बसेर वा खाना पाकिसकेपछिको बसाइँमा भन्ने र सुन्ने प्रचलन छ । ससाना केटाकेटीलाई भुलाउन, फकाउन, सुताउन रोचक लोककथा भनिन्छ (शर्मा र लुइँटेल २०६३ : २७१) । मौखिक परम्पराबाट शुरू भई मौखिक परम्परा नै जीवित रही आएको लोककथा हाल कतिपय व्यक्तिले सङ्कलन गरी प्रकाशित गर्दै आएका छन् । लोककथाको परिचय गराउने क्रममा विभिन्न विद्वान्ले परिभाषा दिएका छन् । ती परिभाषा निम्नानुसार छन् ।

१. लोककथामा मानवको अतीत मात्र होइन वर्तमान पनि प्रतिध्वनित हुने गर्दछ (दिवस, २०५८ : २८२) ।
२. परापूर्वकालदेखि मौखिक रूपमा गाउँ बस्तीमा भन्दै आउने गरिएको मनोरञ्जन तथा शिक्षाप्रद कथाकुथुङ्ग्रीको बटुलो नै लोककथा हो (पराजुली, २०५६ : ४६) ।
३. लोककथा भन्नाले कुनै घटनाको वर्णनात्मक सङक्षिप्त रोचक र गद्यात्मक प्रस्तुति लोककथा हो (बन्धु, २०५८ : २४८) ।

४. मौखिक अथवा श्रुति परम्पराबाट सम्प्रेषित अज्ञात रचनाकारको सारगर्भित एवम् आख्यानात्मक गद्य रचनालाई लोककथा भनिन्छ (शर्मा र लुइटेल, २०६३ : ३७२) ।
५. कल्पनाको धरातलमा अडिएका जनश्रुतिमा आधारित परापूर्वकालदेखि एकनास पुस्तौ-पुस्ता र मुखैमुख चलि आएका कथा नै लोककथा हुन् (थापा र सुवेदी २०४२ : ३१९) ।

लोककथाको उत्पत्तिका बारेमा भारतीय लोकसाहित्यकार कुन्दनलाल उप्रेतीले लोकसाहित्यको प्रतिमान पुस्तकमा केही मान्यतालाई आधार मानेका छन् । उनले प्रसारवादी सैद्धान्तिक मान्यता अनुसार नयाँ नौलो ठाउँमा घुम्दै अनुभव सँगाल्दै जाने क्रममा एक ठाउँको घटना अर्को ठाउँमा व्यक्त गर्दा लोककथाको उत्पत्ति भएको हो भनेका छन् । प्रकृतिवादी सैद्धान्तिक मान्यता अनुसार प्रकृतिका वस्तु वा घटनालाई रूपक बनाई मानवीकरण गरी लोककथाको सिर्जना भएको हो । विकासवादी सैद्धान्तिक मान्यता अनुसार मानवको वाणी खुलेको उषाकालदेखि नै उनीहरूका सोचाइ, चिन्तन र अनुभव विकास हुँदै आउँदा लोककथाको उत्पत्ति भएको मानिन्छ ।

यथार्थवादी सैद्धान्तिक मान्यताअनुसार दैनिक जीवनका अनुभव सम्भन योग्य घटनालाई दोहोऱ्याउँदा लोककथाको निर्माण भएको हो । इच्छापूर्तिवादी सैद्धान्तिक मान्यताअनुसार मानिसका असीमित इच्छा आकाङ्क्षा हुन्छन् तिनलाई खुला रूपमा प्रस्तुत गर्न नसकी मनभित्र दवाएर राखिएको हुन्छ । एकान्त वा अनुकूल ठाउँमा आउँदा ती दमित भावना अतिरञ्जनामूलक ढङ्गबाट प्रस्तुत हुने सिलसिलामा लोककथाको जन्म भएको हो । समन्वयवादी सैद्धान्तिक मान्यताअनुसार लोककथाको कुनै एकल सिद्धान्त वा विचारबाट मात्र अभिप्रेरित नभई यस विशाल जगत्मा विभिन्न रूपबाट लोककथाको सृष्टि हुँदै आएको हो ।

माथिका भनाइबाट के प्रष्ट हुन्छ भने लोककथा भनेको पौराणिककालदेखि मौखिक रूपमा चल्दै आएको कथा हो । जुन सुखदुःख, घटना, परिघटना, शिक्षादिक्षा, रीतिरिवाज तथा संस्कृति संस्कारको मनोरञ्जनात्मक ढङ्गले प्रस्तुत भएको दर्पण हो । यो केही निशानी बोकेर भाषा र संस्कृतिसँगै परिवर्तन भएर आएको हुन्छ । साथै, यो युगयुगसम्म हस्तान्तरण भई मौखिक रूपमा जीवित रहन्छ । समग्रमा भन्नुपर्दा लोककथाको विकासबाटै आधुनिक कथाको सिर्जना भए जस्तै प्राचीनकालमा पनि वाणीको सङ्कलन र भण्डार हुँदै जाँदा

स्थान, समय र व्यक्ति विशेष अनुकूलता अनुसार विभिन्न तवरबाट लोककथा स्थापित भइरहेको छ ।

### २.६ लोककथाका तत्त्व

लोककथाको निर्माण गर्न आवश्यक सामग्रीलाई लोककथाका तत्त्व मानिन्छ । यिनको आवश्यक संयोजन र व्यवस्थापन गरेपछि मात्र कथाको निर्माण हुन्छ । कथाको निर्माणमा आवश्यक हुने र यी तत्त्वहरूको अभावमा लोककथा नबन्ने हुँदा यस्ता तत्त्वलाई अनिवार्य तत्त्वका रूपमा मानिन्छ । लोककथाका तत्त्वहरू निम्न प्रकार रहेका छन् :

#### २.६.१ कथावस्तु

लोककथा आख्यानयुक्त विधा भएकोले कथावस्तु विना लोककथा बन्न सक्दैन । सिङ्गो ब्रह्माण्डका कुनै पनि सन्दर्भ लोककथाका कथावस्तु बन्न सक्छन् । यति मात्र नभएर अलौकिक काल्पनिक आदि सन्दर्भलाई समेत विषयका रूपमा समावेश गरी कथपोकथन गर्ने गरेको पाइन्छ । यस प्रकार लोककथामा यथार्थ संसारदेखि विश्व ब्रह्माण्डलगायत काल्पनिक जगत्का सम्भव, असम्भव सान्दर्भिक सबै विषय कथाको रूपमा ल्याउन सकिन्छ ।

#### २.६.२ चरित्र चित्रण

लोककथामा आउने कथावस्तु पात्रहरूको कार्य व्यापारबाट नै अगाडि बढ्ने हुनाले जति मात्रामा कथाको स्थूलता र व्यापकता छ त्यति नै पात्रहरूका आउन सक्छन् । लोककथा कल्पनाप्रधान मौलिक विधा भएकाले यसमा प्रयुक्त पात्रहरू जीवनका यथार्थ धरातलबाट टिपिएका नभएर काल्पनिक संसारबाट छानिएका हुन्छन् । लोककथामा सजीव, निर्जीव, मानवीय, मानवेतर पात्र कथावस्तुको प्रकृति अनुसार प्रयोग गरिन्छ ।

#### २.६.३ परिवेश

कथामा कार्यव्यापार हुने तथा घटनाहरू घटित हुने ठाउँ, समय, वातावरण र परिवेशलाई पात्रले जादू गरी सहज ढङ्गबाट काम सम्पन्न गराएर श्रोतालाई चकित बनाउछन् ।

### २.६.४ उद्देश्य

लोककथा नेपाली समाजमा लामो समयदेखि जरा गाड्दै आउनु र सधैँ सबैलाई उत्तिकै प्यारो लाग्नुको मूल कारण यसबाट प्राप्त हुने मनोरञ्जन नै हो । लोककथा मूलत मनोरञ्जनका उद्देश्यले सुनिन्छ । उद्देश्यले नै कथावस्तुलाई बाटो पहिल्याउने काम हुने भएकाले लोककथामा उद्देश्य प्रत्यक्ष अप्रत्यक्ष रूपमा देखिन्छ ।

### २.६.५ भाषाशैली

लोककथाको भाषा सरल, सहज र रोमाञ्चक हुन्छ । भाषा साहित्य अभिव्यक्तिको माध्यम हो । भाषाको अभावमा कथा विधाले रूपकार र मूर्तता पाउन सक्दैन । भाषाकै माध्यमबाट कथाकारले पाठकसँग पारस्पारिक क्रियाकलाप अर्थात् सम्प्रेषण गर्छ । भाषालाई अभिव्यक्त गर्ने तरिका शैली हो । लोककथा विशेष गरी अशिक्षित व्यक्तिले अन्य केटाकेटीलाई सुनाउने भएकाले यसको शैली अत्यन्त स्वाभाविक हुन्छ । उनीहरूको बोध क्षमतालाई ख्याल राखी त्यस्तै प्रकारको भाषाशैली प्रयोग गरिएको हुन्छ । लोककथा शुरू गर्दा प्रायजसोः 'एकादेशमा ...' र अन्त्यमा 'सुन्नेलाई सुनको माला...' प्रयोग गरिन्छ । यो लोककथाको भाषाशैलीमा आउने विशेषता हो ।

## २.७ लोककथाका विशेषता

लोककथाका गुण अवस्थाका किसिमलाई विशेषता भनिन्छ । लोककथा आफैँ उत्पादन भएका जङ्गलका फलजस्तै हुन् । यसलाई कसले सृष्टि गऱ्यो त्यसको पत्तो हुँदैन । यसको आफ्नैपनले लोककथालाई अन्य साहित्यको विधा-उपविधाबाट फरक राखेको पाइन्छ । विभिन्न कृतिका अध्ययनका आधारमा लोककथाका विशेषतालाई निम्नानुसार बुँदागत रूपमा प्रस्तुत गरिएको छ ।

क) अर्ति उपदेशात्मक र प्रेममय भावनाको प्रस्तुति,

ख) रचनाकार अज्ञात हुने भएकाले मौखिक परम्पराबाट हुर्केको

ग) एउटा पुस्ताबाट अर्को पुस्तामा मौखिक रूपमा हस्तान्तरण,

घ) प्रमाणिकताको अभाव,

ङ) काल्पनिकता भित्रको यथार्थता र प्रस्तुतीकरणमा मौलिकता,

च) उत्सुकता, कौतूहलता, अलौकिकता र सरल एवम् सुबोधता ।

## २.८ लोककथाको वर्गीकरण

मानव अस्तित्वसँगै आफ्नो प्रारूप निर्माण गरेको लोककथाले मानव विकासको क्रमसँगै धेरै फड्को मारी आजको आधुनिक कथाका विविध भेद उपभेद जन्माइसकेको छ । लोककथाको वर्गीकरण गर्ने क्रममा विभिन्न विद्वान्ले आ-आफ्नो तरिकाले वर्गीकरण गरेका छन् । जसलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ,

- **लोकसाहित्यका अध्येता तुलसी दिवसको वर्गीकरण अनुसार :** सांस्कृतिक ऐतिहासिक लोककथा, अर्ति उपदेशका लोककथा, पशुपंक्षीका लोककथा, मानवीय स्वभाव र प्रवृत्तिका लोककथा, अतिमानवीय लोककथा, साहस तथा बहादुरीका लोककथा, धार्मिक लोककथा, पौराणिक लोककथा, विविध लोककथा आदि रहेका छन् ।
- **नेपाली लोककथाका अध्येता डा. कृष्णदेव उपाध्यायको वर्गीकरण अनुसार :** उपदेशकथा, व्रतकथा, प्रेमकथा, मनोरञ्जन कथा, सामाजिक कथा, पौराणिक कथा रहेका छन् ।
- **हरिभद्राचार्यको वर्गीकरण अनुसार :** धर्मकथा, कामकथा, सङ्कीर्ण कथा, अर्थकथा आदिमा वर्गीकरण गरिएको छ ।
- **धर्मराज थापा र हंसपुरे सुवेदीको वर्गीकरण अनुसार :** धार्मिक तथा सांस्कृतिक लोककथा, ऐतिहासिक लोककथा, मानवीय अथवा अतिमानवीय लोककथा, दैवी लोककथा, पशुपंक्षीका लोककथा, विविध लोककथा आदि रहेका छन् ।
- **फिनिस विद्वान् एन्टी आर्नेको वर्गीकरण अनुसार :** पशुकथा, दन्त्यकथा, ठट्यौली र चुट्किला गरी तीन प्रकारमा वर्गीकरण गरेका छन् । आर्नेले दुई हजार भन्दा बढी कथाको सङ्कलन गरी तिनको वर्गीकरण गरेका हुन् ।

यस्तै लोककथालाई हास्य लोककथा, किंवदन्तीमूलक लोककथा, अभ्यस्त लोककथा, रोमाञ्चक लोककथा, दैवी लोककथा, भक्ति लोककथा, वीर लोककथा, सामाजिक लोककथा, करुण लोककथा आदि भनेर पनि वर्गीकरण गरेको पाइन्छ । विभिन्न अध्येताका लोककथाका परिभाषालाई हेर्दा मौखिक परम्परामा हस्तान्तरित हुने साहित्य नै लोकसाहित्य हो । हास्य, दैवी, वीर, समसामयिक, करुणा आदि भाव लोककथामा अभिव्यक्त भएको पाइन्छ ।

## २.९ नेपाली लोककथाको विकासक्रम

लोककथा श्रुति वा मौखिक परम्परा हो । परापूर्व कालमा मानिस ओढारमा बस्दा कोरिएका चित्रका माध्यमबाट पछिल्लो पुस्ताले तिनैलाई कथा बनाई भन्ने गरेको पाइन्छ । समयको विकासक्रम अनुसार पछिल्लो समय दिनभर काममा थाकेका मानिस बेलुका अँगेनाको छेऊमा बसेर आफू भन्दा ठूला मानिससँग पहिलेका कथाकुथुग्री, किंवदन्ती, किस्सा सुन्ने गरेको पाइन्छ । यही परम्पराबाट नै वर्तमानको लोककथा विकास हुँदै आएको मान्न सकिन्छ । यसरी आफ्नै घरको पिँढी, आँगनको छेउछाउमा भनिदै र सुनिँदै आएका लोकगाथा, लोककिस्सा हुर्कदै आएर लोककथा निर्माण भएको मान्न सकिन्छ ।

मानव समुदायमा भाषाको उत्पत्ति सँगसँगै लोककथाको जन्म हुँदै आएको मानिन्छ र नेपाली लोककथाको परम्परा मानव सभ्यता र संस्कृतिको विकाससँगै मौखिक परम्पराबाट विकसित हुँदै लेख्य रूप भन्दा श्रुति परम्परा नै कायम रहेको पौराणिक तथा शैक्षिक सम्प्रदायबाट पुष्टि हुन्छ । वैदिक संस्कृत कालको आदि ग्रन्थ ऋग्वेदलाई लोककथाको आदिस्रोत मानिएको छ । त्यसपछि लौकिक संस्कृत कालमा पूर्वीय परम्परामा वाल्मिकीको रामायण कथा एवम् व्यासको महाभारत कथा र पाश्चात्य परम्परामा होमरको इलियड र ओडिसीलाई लोककथाको आदिस्रोत मानिएको छ । त्यसैगरी लौकिक संस्कृत परम्परामा विष्णु शर्माको पञ्चतन्त्रको कथा, नारायण पण्डितको हितोपदेश मित्रलाभ, अकबर वीरवलको किस्साले नेपाली लोककथा परम्परालाई निरन्तरता दिएको पाइन्छ (बन्धु, २०७१ : २९४) ।

नेपाली भाषा साहित्यले भर्खरै पाइला सार्न थालेका वेला वि.सं. १०६० को दशकमा केही लोककथाका कृति प्रकाशन भएको पाइन्छ । जसमध्येका केही नेपाली लोककथा शक्तिबल्लभ अर्यालको महाभारत विराट पर्व (१८२७) लाई कथा साहित्यमा बिर्सन नहुने सामग्रीका रूपमा लिन सकिन्छ । त्यसपछिका दिनमा क्रमशः भानुदत्तको हितोपदेश मित्रलाभ (१८३२) पिनासको कथा (१८६२) दशकुमार चरित्र (१८७५), मुन्सिको तीन आहान (१९७६) मोतिराम भट्टको तीजको कथा (१९८४) गोरखापत्रमा प्रकाशित फुटकर कथाहरू (१९८५ देखि हालसम्म) मधुमालतीको कथा (१९९६) तोतामैनाको कथा (१९८४) वेताल पच्चिसी (१९५२) दमयन्तीको कथा (१९५५) वीरसिक्का (१९४६) आदि रहेका छन् । नेपाली लोककथा वा दन्त्य कथालाई यस समयमा खोजी-खोजी सङ्कलन गरेर सम्पादन र प्रकाशन गर्न थालिएको पाइन्छ । यस अघिका दन्त्यकथा वैयक्तिक अनुभव र कला जति भए पनि

वास्तविक पहिचान राख्ने लोककथा १९९६ सालबाट जनमानसमा उनेको पाइन्छ । लोककथालाई विशेष चासो दिएर सङ्कलन गरेको कृति वोधविक्रम अधिकारीद्वारा सम्पादित १२ लोककथाको सङ्ग्रह नेपाली दन्त्यकथा (१९९६) आजसम्मको प्रसिद्ध सङ्कलन हो (बन्धु, २०७१ : २९४-२९५) ।

लोककथा तथा लोकसाहित्यको चर्चा अगाडिदेखि नै भए पनि संरचनागत रूपमै त्रि.वि.वि.ले आफ्नो पाठ्यक्रम र विश्लेषण गराउन लागेको धेरैपछि मात्र पाइन्छ । लोककथाका बारे अध्ययन र चर्चा तुलसी दिवसले नेपाली लोककथा केही अध्ययन शीर्षकमा २०३२ सालमै गरिसकेको पाइन्छ । यसैलाई आधार तथा प्रेरणाको स्रोत मानी हालसम्म लोककथाको अध्ययन भइरहेको पाइन्छ ।

## २.१० निष्कर्ष

लोककथा साहित्यिक विधा भएकाले यहाँ लोककथाको परिचयका क्रममा लोकसाहित्यको सङ्क्षिप्त परिचयका साथ लोककथाको परिचयलाई अघि बढाइएको छ । विभिन्न लोकसाहित्यका अध्येताका अनुसार लोकसाहित्य भनेको लेखन र रचनाकाल अज्ञात रहेको, एक पुस्ताबाट अर्को पुस्तामा सर्दै जाने, मौखिक श्रुति परम्परामा आधारित सरल प्रकारको साहित्य नै लोकसाहित्य हो । यसमा लोक जनजीवनका हासो, पीडा, मिलन, विछोड आदिको झझल्को पाइन्छ । परम्परादेखि चल्दै आएको लोकसाहित्य आज पनि उत्तिकै चर्चित र जीवित रहेको पाउन सकिन्छ । कुश्मा क्षेत्रमा प्रचलित लोककथाको अध्ययनका क्रममा नेपाली लोककथाको विकास परम्परा कुन रूपमा कसरी विकसित हुँदै आजको अवस्थामा आइपुगेको छ भन्ने कुरालाई ध्यानमा राख्दै यसै अध्ययनपत्रको परिच्छेद तीनमा चर्चा गरिएको छ ।

अध्याय तीन

# कुश्मा क्षेत्र र यहाँका लोककथाको सङ्कलन र वर्गीकरण

## ३.१ कुश्मा क्षेत्रको परिचय

कुश्मा पर्वत जिल्लाको सदरमुकाम हो । यो पर्वत जिल्लाको एक नगरपालिका हो । कुश्माको मुख्य व्यापारिक केन्द्र शिवालय चोक हो । यो समुन्द्र सतहबाट झन्डै ९५३ मिटरमाथि छ । पर्वत जिल्लाका साविकका सातवटा गाउँ विकास समिति मिलेर कुश्मा नगरपालिका बनेको हो । यो पोखराबाट ५७ किलोमिटर टाढा छ । यो पर्वत जिल्लाको प्रमुख व्यापारिक केन्द्र हो । धार्मिक तथा ऐतिहासिक महत्त्व बोकेको मोदीवेनी दिव्यस्थान, गुप्तेश्वर गुफा, कुश्मा, ज्ञादी, झोलुङ्गे पुल, अलपेश्वर गुफा यहाँका मुख्य पर्यटकीय आकर्षण हुन् । यसको क्षेत्रफल ९३.१८ वर्ग किलोमिटर छ । यसको पूर्वमा मोदी गाउँपालिका कास्की र स्याङ्जा जिल्ला, पश्चिममा बाग्लुङ जिल्ला, उत्तरमा जलजला गाउँपालिका र दक्षिणमा फलेवास नगरपालिका पर्दछन् (www,kushmamun.gov.np) ।

### क. सांस्कृतिक र सामाजिक स्थिति

कुश्माका आदिवासीमा नेवार समुदाय पर्दछन् । आजको बढ्दो जमिनको मूल्यका कारण नेवार जाति बिस्तारै कुश्माबाट विस्थापित हुँदैछन् । उनीहरू यहाँको जग्गा बेचेर पोखरा, चितवन, काठमाडौँतिर जाने क्रम बढ्दो छ । यहाँ बसाइँ सरेर आउनेमा बढीजसो मगरको बाहुल्यता पाइन्छ । अरू जातजाति पनि कोही पहिलेबाट यहीँ भएका र कोही अहिले बसाइँ सरी आएका छन् । आ-आफ्नो जातीय संस्कार र परम्परालाई अनुसरण गर्नु यहाँका मानिसको परिचय हो ।

धार्मिक सहिष्णुता भएका कारण एक अर्कामा अत्यन्त सहयोगी भावना यहाँका मानिसमा देखिन्छ । सबैले आ-आफ्नै जातीय संस्कार र परम्परालाई अँगाल्दै आएका छन् । मगर र गुरुङ जातिमा कौडा, घाटु, सोरठी, चुड्का नाच प्रचलनमा छन् । बाहुन क्षत्रीमा बालुन नाच, भजन चुड्का, रोइलाजस्ता नाचगान गर्ने गरेको पाइन्छ । यहाँका मूल बासिन्दा नेवार जातिमा गाईजात्रा, कृष्णजात्रा लाखेजात्रा, रोपाईंजात्रा, तायमचा नृत्य आदि पाइन्छ ।

विवाहमा गाइने रत्यौली सबै जातजातिको साझा गायन तथा नृत्य हो । यस्ता नाच तथा जात्रामा सबैले आ-आफ्ना परम्परागत पोशाक पहिरने गर्दछन् ।

### ख. आर्थिक स्थिति

कुश्मा क्षेत्रका अधिकांश मानिसको आर्थिकस्तर मध्यम खालको छ । यहाँको आयस्रोतका रूपमा बजार क्षेत्रमा सरकारी तथा गैरसरकारी निकायमा जागिरे, व्यापारी, मजदुरी, वैदेशिक रोजगारी आदि छन् । ग्रामीण क्षेत्रमा कृषि व्यवसाय पनि आम्दानीको स्रोत रहेको छ । कुश्मामा ठूला उद्योग कलकारखाना छैनन् । यही भू-भागबाट बग्ने मोदी र कालीगण्डकी नदीको ढुङ्गा बालुवा, गिट्टी यहाँका प्राकृतिक स्रोतबाट हुने आम्दानी हुन् । स-साना उद्योगमा ग्रील उद्योग, ब्लक उद्योग, फर्निचर उद्योग, चाउमिन उद्योग, कुटानी-पिसानी मिल, चिउरा मिल, भाँडा उद्योग यहाँका आयस्रोतका माध्यम बनेका छन् ।

### ग. राजनीतिक स्थिति

पर्वत कुश्मा क्षेत्रको राजनैतिक स्थितिलाई सङ्क्षेपमा भन्नुपर्दा साविक निर्वाचन क्षेत्र नं. १ हो । हाल नेपालको संविधान-२०७२ को नयाँ व्यवस्था अनुसार कायम गरिएको सात सय ४४ स्थानीय तह अन्तर्गत कुश्मा एउटा नगरपालिका हो । यो नगरपालिकालाई १४ वडामा विभाजन गरिएको छ । देशमा क्रियाशील तीन प्रमुख पार्टीको बाहुल्यता रहेको यो क्षेत्रले २०४६ सालको जनआन्दोलन तथा २०६२/०६३ को आन्दोलनमा प्रमुख भूमिका निभाएको थियो । २०६२/०६३ को जनआन्दोलनमा यसै क्षेत्रका एक जना व्यक्तिले आफ्नो जीवनको बलिदान दिनु भएको थियो । यहाँ राजनैतिक सहिष्णुताको भावनाले गर्दा स्थानीय जनता सामाजिक मेलमिलाप र विकास निर्माणमा सहभागी भएको पाइन्छ ।

### घ. शैक्षिक स्थिति

कुश्मा क्षेत्रको शैक्षिक स्थितिलाई नियाल्दा कुश्मा क्षेत्रमा सबै जनतालाई पायक पर्ने गरी आधारभूत तहदेखि माध्यमिक तहसम्मका सामुदायिक तथा संस्थागत विद्यालय सञ्चालित छन् । संख्यात्मक रूपमा कुश्मा नगरपालिकाभित्र १७ वटा सामुदायिक तथा संस्थागत माध्यमिक विद्यायल र ७ वटा संस्थागत माध्यमिक विद्यालय रहेका छन् । तीन वटा स्नातक तहको पढाइ हुने क्याम्पस पनि यस क्षेत्रमा छन् । १६ वर्षदेखि ६० वर्ष

उमेरका ९५ प्रतिशत मानिस पूर्ण साक्षर भएर साक्षर जिल्ला भइसकेको पर्वत जिल्लाको मुटु कुश्मा क्षेत्रमा विभिन्न व्यक्ति शैक्षिक उन्नति र विकासमा क्रियाशील भएको पाइन्छ । यस क्षेत्रको सबैभन्दा पुरानो विद्यालय नारायण माध्यमिक विद्यालयमा कक्षा ११ र १२ मा विज्ञान सङ्कायसमेत सञ्चालन भइरहेको छ । जसले गर्दा उच्च शिक्षा प्राप्त गर्नका लागि टाढा जानुपर्ने बाध्यता कम भएको छ । कुश्मा बजारको जनघनत्व बढ्दै विद्यार्थीको चापसमेत बढ्दै गइरहेको अवस्थामा नयाँ-नयाँ विद्यालय र मन्टेसरी स्कुल स्थापना भइरहेका छन् ।

### ३.२ कुश्मा क्षेत्रको साहित्यिक अवस्था

पर्वत कुश्मा क्षेत्रमा साहित्यिक अवस्थालाई नियाल्दा लोकसाहित्यका विभिन्न विधामध्ये लोकगीतले लोकप्रियता हासिल गरेको पाइन्छ । गाउँखाने कथा, उखान टुक्का पनि प्रयोगमा आउछन् भने लोकगाथा बूढापाकासँगै विलय हुने अवस्थामा छन् । लोककथा यदाकदा सुनिए पनि सुषुप्त अवस्थामा छन् । मौखिक श्रुति परम्परामा अडेका लोककथालाई जागरण गराउने खासै प्रयास भएको छैन ।

अन्य साहित्यिक गतितिधिमा सरस्वती जिज्ञासुको नवमाधुरी, राजेन्द्र पहाडीको समुदाय र सिर्जना, इन्द्रमान खत्रीको हाइकु, पर्वत साहित्य संगमको कालीको सुसेली, गुप्तेश्वर बहुउद्देश्यीय पुस्तकालयको सगुन जस्ता मासिक र त्रैमासिक प्रकाशन आ-आफ्नै किसिमको साहित्यिक अभियानमा जुटेका छन् । स्थानीय साहित्यकार शान्ति नारायण श्रेष्ठ, इन्द्रकुमार विकल्प, राजेन्द्र पहाडी, सरस्वती शर्मा जिज्ञासुलगायतका स्रष्टाले साहित्यको उन्नयनका लागि व्यक्तिगत तथा संस्थागत रूपमा उल्लेख्य योगदान पुऱ्याएको आँकलन गर्न सकिन्छ । यस्तै यस क्षेत्रमा रहेका विद्यालयले प्रकाशन गर्ने स्मारिका आदिमा पनि साहित्यिक रचना देखापर्छन् ।

कुश्माको साहित्यिक गतिविधि सञ्चालन गर्ने माध्यमका रूपमा केही वर्ष यता पर्वत महोत्सवमा अतिथि कलाकारदेखि लिएर स्थानीय कलाकारका विविध प्रतिभालाई प्रस्तुति राख्ने अवसर प्राप्त भएको छ । नेपाली साहित्यको विकासमा पर्वत जिल्लाको भूमिका महत्त्वपूर्ण छ । यसैगरी पर्वत जिल्लामा दिदीबहिनी महोत्सवले पनि ठूलो योगदान पुऱ्याएको छ । प्रत्येक वर्ष सञ्चालित दिदीबहिनी महोत्सवमा अतिथि र स्थानीय कलाकारले आफ्ना प्रतिभा प्रस्फुटन गरिरहेका छन् । विभिन्न क्लब, आमा समूहलगायतका संस्थाले साहित्यिक

गतिविधि, गीत सङ्गीत, नृत्य, भजन, कीर्तन, कविता आदि प्रस्तुत गर्दछन् । अन्य विधाको विकास भए पनि लोकसाहित्यका अन्य विधामा जस्तै लोककथा भने फस्टाउन सकेको छैन् ।

कुश्मा बजारमा लोककथाको अध्ययन गर्दा मौखिक श्रव्य स्रोत बाहेकका पुस्तककार रूपमा अध्ययन विश्लेषण गरी लोककथाको सङ्कलन तथा प्रकाशन गरेको देखिदैन । यस क्षेत्रमा स्थापित नमूना आवासीय माध्यमिक विद्यालयले रजत जयन्तीको अवसर पारेर प्रकाशन गरेको स्मारिकामा यहाँका विद्यार्थीले उल्लेख गरेका केही लोककथा रहेका छन् । यसै क्षेत्रमा स्थापित नवमाधुरी साहित्यिक त्रैमासिक पत्रिकाको अङ्क १५ र २५ मा केही मात्रामा लोककथाको समावेश गरिएको पाइन्छ । यसैगरी, साहित्यकार राजेन्द्र पहाडीद्वारा सम्पादित समुदाय र सिर्जना त्रैमासिक पत्रिकाका विभिन्न अङ्कमा एकाध लोककथा समावेश गरिएको पाइए तापनि आधुनिक कथाको बाहुल्यता  देखिन्छ ।

यस क्षेत्रका बौद्धिक वर्ग लगायत् शिक्षणसंस्था, बूढापाका लोककथा पारखी व्यक्तिसँगको भेटघाट, छलफलका माध्यमबाट प्राप्त जानकारी अनुसार मौखिक स्रोतका लोककथालाई कृतिका रूपमा अध्ययन, अनुसन्धान र प्रकाशन नभएको अवस्था देखिन्छ । यसरी लोककथाले आफ्नो परम्परालाई निरन्तरता दिँदै आउने क्रममा कुश्मा क्षेत्रमा केही मात्रमा जरा गाडिरहेको पाइन्छ । बुढापाकाले सङ्कलन गरी लिखित रूप दिन सकेमा यसको स्थायित्व हुने देखिन्छ । कथा फाँटमा आफ्नेल पर्न लागेका यस्ता लोककथा बौद्धिक व्यक्तिको प्रयासले प्रकाशनमा ल्याउने काम हुँदै जानुपर्ने अध्ययनको निष्कर्ष रहेको छ ।

### आ. कुश्माक्षेत्रका लोककथा विश्लेषणका आधार

लोककथा विश्लेषणका विभिन्न सैद्धान्तिक आधारमध्ये प्रस्तुत अध्ययनपत्रमा लोककथाका तत्त्वलाई मूल रूपमा सैद्धान्तिक आधार बनाइएको छ । ती मुख्य तत्त्व कथानक, पात्र र चरित्र, परिवेश, उद्देश्य र भाषाशैलीसमेत पाँचवटा विश्लेषणका सैद्धान्तिक आधारबाटै कुश्मा क्षेत्रका सङ्कलित लोककथाको विश्लेषण गर्ने कार्य भएको छ । कथानकका आधारमा विश्लेषण गर्दा रैखिक र घटनाक्रमका आधारमा मूल कथाको घटनालाई सङ्क्षिप्त क्रममा राखिएको छ । चरित्र चित्रणका आधारमा वर्गीकरण गर्दा नारी-पुरुष, सत-असत, स्थिर-गतिशील, मुख्य, सहायक र गौण आधारमा गरिएको छ । उद्देश्यका आधारमा वर्गीकरण गर्दा कथाको मूलभाव आशयलाई स्पष्ट रूपमा समाविष्ट गरिएको छ ।

### ३.३ कुश्मा क्षेत्रमा सङ्कलित लोककथाको वर्गीकरण

कुश्मा क्षेत्रमा विभिन्न प्रकृतिका लोककथा पाइन्छन् । उक्त लोककथालाई विना आधार यो क्षेत्र र ऊ क्षेत्र भनेर निर्धारण गर्दा हाम्रो लोकसंस्कृति, लोकसंस्कार र लोकसाहित्यको संरक्षण हुनुभन्दा झन् अपव्याख्या हुन पुग्छ । सोही कारण नेपाली लोककथाको वर्गीकरण गर्ने विभिन्न विद्वान्मध्ये तुलसी दिवसले गरेको वर्गीकरणलाई सर्वमान्य मानिएको छ ।

प्रस्तुत अध्ययनपत्रमा सङ्कलित कुश्मा क्षेत्रका लोककथालाई उनकै वर्गीकरणलाई आधार बनाइएको छ । एउटै लोककथा पनि विभिन्न किसिममा वर्गीकरण गर्न सकिन्छ । जस्तै प्रायः सबै कथा उपदेशात्मक हुन्छन् । मानवीय स्वभाव र प्रकृतिले धेरै कथालाई समेटेको हुन्छ । साहस, बहादुरी र पशुपंक्षीका कथा जस्ता वर्गीकरणका आधारले धेरै कथालाई समेटेका हुन्छन् । यसरी कुश्मा क्षेत्रमा प्रचलित लोककथाको वर्गीकरण निम्नानुसार गर्न सकिन्छ ।

- पौराणिक लोककथा,
- धार्मिक लोककथा,
- अर्ति उपदेशात्मक लोककथा,
- मानवीय प्रकृतिका लोककथा,
- पशुपंक्षीका लोककथा,
- साहस तथा बहादुरीका लोककथा,
- सांस्कृतिक तथा ऐतिहासिक लोककथा,
- हास्य लोककथा ।

यसरी लोककथाको वर्गीकरणलाई हेर्दा लोककथा पौराणिक, धार्मिक, अर्ति उपदेशात्मक, मानवीय, अतिमानवीय, पशुपंक्षी, सहास र बहादुरीका लोककथा प्रचलनमा रहेको पाइन्छ । कुश्मा क्षेत्रमा पनि यी र यस्तै लोककथा भन्दै र सुन्दै आएको पाइन्छ । तिनै मौखिक परम्परामा रहेका लोककथालाई सङ्कलन, अध्ययन र विश्लेषण गर्ने कार्य यस अध्ययनपत्रमा गरिएको छ ।

### ३.३.१ पौराणिक लोककथा

देवीदेवता र ऋषिमुनिलाई कथाको पात्रका रूपमा उपस्थित गराई उनीहरूले गरेका चमत्कारी कार्य गरेको विषयवस्तु आधारित पौराणिक लोककथा हुन्छ । पौराणिक कथामा आधारित विषयवस्तु समावेश भएकोले **मान्छेको आयु** शीर्षकको परिशिष्ट खण्डमा समावेश लोककथा यसको उदाहरण बनेको छ ।

### ३.३.२ धार्मिक लोककथा

धार्मिक भाव तथा उद्देश्य राखेर श्रवण तथा मनन् गरिने व्रत, उपवास, धार्मिक विधि विधान तथा धार्मिक मूल्य र उपदेशसँग सम्बन्धीत लोककथा यस अन्तर्गत पर्दछन् । देवताको तपस्या जस्तो धार्मिक साधना गरेर आफ्नो भाग्य चम्किन्छ भन्ने इच्छा राखी धर्म सम्बन्धी कार्य गरी लोभ, मोहमा नफसी आफ्नो कार्य गर्ने पात्रको भूमिका भएकाले **सतित्वको जित** र **भाग्यको फल** शीर्षकको परिशिष्ट खण्डमा रहेको लोककथा यसका उदाहरण बनेका छन् ।

### ३.३.३ अर्ति उपदेश तथा बुद्धिमताका लोककथा

स्पष्ट रूपले अर्ती उपदेश दिने तथा आफ्नो बुद्धिका कारणले गाह्रा भन्दा गाह्रा काम सजिलै पत्ते गरिएको उपदेश दिने लोककथा अर्ति उपदेशात्मक तथा बुद्धिमताका लोककथा अन्तर्गत पर्दछन् । आफ्नो बुद्धिको कारणले राजगद्दी हात पारेकी दाउरेकी बुद्धिमती छोरी बुद्धिकै कारणले राज्यको मुख्यमन्त्री पद हासिल गरेकी छ । **गोनु र बिरालो,** र **दाउरेकी बुद्धिमती छोरी** लोककथा यसका उदाहरण बनेका छन् ।

### ३.३.४ पशुपंक्षीका लोककथा

पशुपंक्षीलाई पात्रको रूपमा उतारिएका लोककथालाई पशुपंक्षीका लोककथा भन्ने गरिन्छ । यी कथामा पात्रका रूपमा पशु र पंक्षी मात्र आएका हुन्छन् । पशुपंक्षी पात्र भएका कथालाई अर्ती उपदेश भएको र नभएको गरी दुई भागमा विभाजन गरिन्छ । यस अध्ययनको परिशिष्ट खण्डमा समावेश गरिएका **काग र कोइली, सज्जन र सुगा** लोककथा यसका उदाहरण बनेका छन् ।

### ३.३.५ मानवीय प्रकृतिका लोककथा

मानिसको विशेष स्वभाव र विशेष प्रकृत्तिको परिचय उल्लेख गर्ने कथाहरू यस अन्तर्गत पर्दछन् ।

### ३.३.६ साहस र बहादुरीका लोककथा

आफ्नो पराक्रम, वीरता र साहसपूर्ण कार्य गरी वा आफ्नो ज्यानलाई हत्केलामा राखेर चतुरतासाथ आफ्नो लक्ष्य प्राप्त गर्ने क्रममा असम्भव र कठिन कार्य फत्ते गर्दै साहस प्रदर्शन गर्दछन् भने यस्ता कथालाई साहस र बहादुरीका लोककथा भनिन्छ । आफ्नो बुद्धि र पराक्रमले गुमेको भैँसी पनि फिर्ता लिएको हुनाले **जसको लट्ठी त्यसको भैँसी** शीर्षकको लोककथा यसको उदाहरण बनेको छ ।

### ३.३.७ सांस्कृतिक-ऐतिहासिक लोककथा

ऐतिहासिक तथा सांस्कृतिक व्यक्ति, स्थान तथा घटनाको विवरण, चाडपर्व, उत्सव, उत्पत्ति र प्रचलित कारण, विभिन्न देवीदेवताको मन्दिर निर्माणका प्रसङ्गसँग सम्बन्धित लोककथा यस अन्तर्गत पर्दछन् । ऐतिहासिक घटना र नेवार जातिको सांस्कृतिक परम्परासँग सम्बन्धित पर्व भएकाले **गाईजात्रा** लोककथा यसको उदाहरण बनेको छ । प्रस्तुत कथामा हाम्रो संस्कार, संस्कृति र ऐतिहासिक पक्षको वर्णन गरिएको पाइन्छ ।

### ३.३.८ हास्य लोककथा

सुन्दा हाँसो लाग्ने खालका लोककथा हास्य लोककथा अन्तर्गत पर्दछन् । खासै सन्देशमूलक नभए पनि सुन्दा रोचक लाग्ने भएकाले **डेढ अक्कल** शीर्षकको लोककथा यसको उदाहरण बनेको छ ।

## ३.४ निष्कर्ष

लोकसाहित्यका विविध विधामध्ये एक उपविधा लोककथा हो । प्रस्तुत कुश्मा क्षेत्रमा प्रचलित लोककथाको अध्याय शीर्षकको अध्ययन कार्यलाई पूरा गर्ने क्रममा विभिन्न शीर्षक र उपशीर्षक विभाजन गरेर यस परिच्छेदलाई पूर्ण गरिएको छ । यस परिच्छेदमा कुश्मा क्षेत्रमा प्रचलनमा रहेका लोककथाको शीर्षकलाई विभिन्न उपशीर्षकमा विभाजन गरेर लोककथाको वर्गीकरण गरिएको छ । जसअन्तर्गत कुश्मा क्षेत्रमा प्रचलनमा रहेका **किसानको धैर्य, जसको लट्ठी त्यसको भैँसी**, **काग र कोइली**, **सज्जन र सुगा**, **मान्छेको आयु**, **डेढ अक्कल**, **भाग्यको फल**,

**सतित्वको जित**, **सत्यको विजय, दाउरेकी बुद्धिमान छोरी, गाइजात्रा** तथा **गोनु र बिरालो** लगायतका कथाको सङ्कलन गरिएको छ ।

प्रस्तुत अध्यायमा कुश्मा क्षेत्रमा प्रचलनमा रहेका विभिन्न कथाको सङ्कलन गरिएको छ । जसमध्येको पहिलो लोककथाको घटनाक्रम अनुसार आफ्नो बुद्धि नलगाइकन अरूको कुराको पछि लाग्दा हुने बेफाइदालाई देखाउँदै अरूको कुराको पछि नलागेर आफूले व्यवहारिक काम गर्नुपर्ने प्रेरणा जगाउने खालको छ । यस्तै दोस्रो कथाको घटनाक्रम अनुसार बुद्धिमान मानिसले जस्तोसुकै परिस्थितिको पनि सामना गर्न सक्छ भन्ने भाव व्यक्त गर्नुका साथै उपदेशात्मक र जीवनपयोगी पनि देखिन्छ ।

यस्तै तेस्रो लोककथाको घटनाक्रमलाई हेर्दा कागको नराम्रो बोली भएको हुँदा उसलाई कसैले पनि मन पराएनन् । कोइलीको सुमधुर बोलीले ऊ सबैको प्यारो भयो, माया पायो । बोलीमा नै प्राणीको सर्वस्व रहेको हुन्छ भन्ने भाव जगाउने खालको छ । चौथो लोककथाको घटनाक्रम अनुसार कुनै पनि मानवीय जीवलाई वातावरणले प्रभाव पारिरहेको हुन्छ । जस्तो वातावरणमा हुर्किन्छ त्यस्तै बन्छ भन्ने सन्देशमूलक छ । पाँचौ लोककथाअनुसार आफूले पाएको आयुमा असन्तुष्टिको दुःखद् अवस्थाबाट शुरू भई मानवले आयु बढाएर वृद्ध अवस्थामा समस्या आएको दुःखान्त घटनामा कथा सम्पन्न भएको छ । कथा सुन्दा पौराणिक जस्तो भए पनि मानवीय स्वभाव र प्रवृत्तिमूलक मानिएको छ । छैँठौ लोककथाको घटनाक्रम हेर्दा मनगणन्ते गलत कल्पनाको सामान्य अवस्थाबाट शुरू भए पनि कथाको समापन दुखद् अवस्थामा भएको छ ।

आठौं लोककथाको घटनाक्रम अनुसार पतिव्रता स्त्रीले आफ्नो पुरुषलाई जस्तोसुकै सङ्कटबाट पनि बचाउन सक्छिन् । यो धार्मिक लोककथा अन्तर्गत पर्दछ । यस्तै नवौकथामा सत्यको बाटोमा हिंडे एक दिन पक्कै नै राम्रो हुने र असत्यको बाटो हिँड्नेको राम्रो नहुने सन्देश दिँदै कथाको समापनमा सत्यको विजय भएको छ । असत्यको बाटो हिँड्नेलाई नियतीले नै धोखा दिएको छ । यस्तै एघारौं लोककथामा पुत्रशोकमा दुखद् अवस्थाबाट प्रारम्भ भए पनि शोकमुक्त अवस्थामा विश्राम भएकोले सुखान्त कथा बनेको छ । लोककथा किंवदन्ती जस्तो भए पनि यसले वर्तमान अवस्थामा पनि ऐतिहासिक र सामाजिक स्वरूप ग्रहण गरेको छ । यस्तै बाह्रौ लोककथामा अर्काको कुभलो चाहदा आफ्नो खुसी पनि खोसिन गएको कुरा दर्शाउँदै बुद्धिले जस्तोसुकै काम पनि सम्भव हुन्छ भन्ने प्रेरण जगाउने खालको छ । यसरी, अध्ययनपत्रको अध्याय तीनसम्म आइपुग्दा कुश्मा क्षेत्रको भौगोलिक, साहित्यिक, सांस्कृतिक, सामाजिक, आर्थिक, राजनीतिक र शैक्षिक स्थितिको चर्चा गरिएको छ । यस क्षेत्रमा प्रचलित लोककथा र तिनका वर्गीकरणका आधार आदि विषयवस्तु यस अध्यायमा समावेश गरी अध्ययनपत्रको चौथो परिच्छेदमा कुश्मा क्षेत्रमा प्रचलित लोककथाको अध्ययन गरिएको छ ।

## अध्याय चार

# कुश्मा क्षेत्रका लोककथाको अध्ययन

प्रस्तुत अध्यायमा प्रस्तुत मूल शीर्षकलाई विभिन्न तत्त्वगत शीर्षकमा विभाजन गरी लोककथा विश्लेषणका आधारमा कथानक, चरित्रचित्रण, परिवेश, उद्देश्य र भाषाशैलीका आधारमा कुश्मा क्षेत्रमा प्रचलित र सङ्कलित लोककथाका अलग-अलग विश्लेषण गरिएको छ । तत्त्वगत विश्लेषणका आधारमा यी लोककथाको विशिष्टता झल्किएको छ ।

### ४.१ कथानकका आधारमा कुश्मा क्षेत्रका लोककथा

प्रस्तुत अध्ययनपत्रमा कुश्मा क्षेत्रमा प्रचलित लोककथामध्ये १२ लोककथाको सङ्कलन र वर्गीकरणपश्चात यस अध्यायमा ती लोककथाहरूको तत्त्वगत विश्लेषण गरिएको छ । लोककथा विश्लेषणका क्रममा कथानक तत्त्वसँग सम्बन्धित विभिन्न आधार रहेका छन् । **गाईजात्रा** लोककथाको कथानक आधार ऐतिहासिक र सांस्कृतिक रहेको छ भने मान्छेको **आयु** लोककथाको कथानक पौराणिक आधारमा रहेको छ । धार्मिक आधारका कथानक भएका लोककथाहरू **सतित्वको जित र भाग्यको फल** हुन भने **गोनु र बिरालो** र **दाउरेकी बुद्धिमती छोरी** अर्ति उपदेशका तथा बुद्धिमताका लोककथा हुन् ।

**सत्यको विजय** लोककथामा एक्कासि राक्षसको आगमन भएर मानव मनको धन दौलतप्रतिको तृष्णा मेटाएको हुनाले अतिमानवीय लोककथाको आधारमा रहेको छ । त्यसैगरी पशुपंक्षीलाई पात्रको रूपमा उतारिएका **काग र कोइली** र **सज्जन र सुगा** लोककथा पशुपंक्षीका लोककथाको आधार बनेका छन् । **जसको लट्ठी त्यसको भैंसी** लोककथा साहस र बहादुरीको लोककथा बनेको छ भने **किसानको धैर्य, डेढ अक्कल** लोककथा लोकव्यवहार या लोकपरम्परामा प्रचलित आधारमा रहेका छन् ।

**क) किसानको धैर्य :** किसानको धैर्य शीर्षक लोककथाको कथानक रैखिक घटनाक्रम अनुसार एकादेशमा बस्ने किसानका बाबुछोरा मिलेर गधा बेच्न जान्छन् । गधालाई हिँडाएर आफूहरू हिँड्दा पनि मान्छेले खिसी गर्छन् । अरूको कुरा सुनेर बाबु गधामा चढ्दा पनि खिसी नै गर्छन् । मान्छेको मुख थुन्नका लागि बाबुछोरा नै गधामा चढ्दा पनि त्यो किसानले

बटुवाहरूको खिसी नै व्यहोर्नु पर्छ । अरूको मुख थुन्न जति प्रयास गर्दा पनि मुख नथुनिए पछि किसान एकाएक चिच्याउन पुग्छ, 'मैले जे गरे पनि कसलाई के मतलव ।' यो लोककथाको घटनाक्रम अनुसार अर्काका कुराकापछि लाग्दा किसानले दुःख पाएको छ । भन्नेको मुख टाल्ने प्रयास गर्दागर्दै किसान वाक्क भएर चिच्चाउन पुगेर अन्त्य भएको कथा रोचक अनि ज्ञानवर्द्धक छ ।

यस लोककथामा सहज र सरल भाषाशैलीको प्रयोग गरिएको छ । किसान सामान्य र सोझो चरित्रमा देखा परेको छ । यस कथामा गाउँदेखि बजार नपुगन्जेलको परिवेश समेटिएको छ । अर्काका कुरा मात्र सुन्ने आफूले बुद्धि नपुऱ्याउँदा कष्ट हुँदो रहेछ भन्ने साथै हरेक कुरामा अर्काको पछि लाग्न नहुने कुराको सन्देश दिने यस कथाको उद्देश्य रहेको छ ।

**ख) जसको लठ्ठी त्यसको भैंसी** : जसको लट्ठी त्यसको भैंसी शीर्षक लोककथाको कथानक रैखिक घटनाक्रम अनुसार एकजना राजमान भन्ने मानिस भैंसी किनेर आफ्नो घरतर्फ जाँदै छ । बाटोमा एकजना ठगले राजमानको बाटो छेक्छ । उसको हातमा लट्ठी हुन्छ । ठगले लट्ठीको सहायताले लट्ठी देखाउँदै राजमानसँग भैंसीको दाम्लो माग्छ । किसान राममानले आफ्नो बुद्धिको प्रयोग गरेर भैंसी ठगलाई दिएर रित्तो हात घर नजाने बहाना पारी लट्ठी आफूले माग्छ पछि त्यही लट्ठीको सहायताले आफ्नो भैंसी फिर्ता लिन्छ ।

दुखद् घटनाक्रमबाट शुरू भई अन्त्यमा विजय हासिल गरी सुखान्त घटनाक्रमबाट समापन भएको यस लोककथाको कथावस्तु रहेको छ । यहाँ चरित्रको रूपमा राजमान, ठग र भैंसी रहेका छन् । यस कथामा भैंसी किनेर घर जाने बेलाको बाटोलाई परिवेशको रूपमा लिइएको छ । भाषाशैली अत्यन्तै सहज र सरस प्रयोग गरिएको छ । मानिस जस्तो सुकै कठिन अवस्थामा भए पनि नआत्तिइकन आफ्नो बुद्धिको प्रयोग गरेमा सफल हुन्छ भन्ने शिक्षा दिने खालको छ ।

**ग) काग र कोइली** : काग र कोइली शीर्षक लोककथाको कथानक रैखिक घटनाक्रम अनुसार कुनै जङ्गलमा काग र कोइली बस्छन् । उनीहरू दुवै काला हुन्छन् । दुवैमा राम्रो मित्रता हुन्छ । एकदिन काग र कोइली घुम्न जाने भनेर अर्को जङ्गल उड्छन् । उड्दै जाँदा कुश्माको छमर्केको वनमा पुग्छन् । त्यहाँ तिनीहरूको भेट स्याल काकासँग हुन्छ । स्याल काकासँग गफ गर्दै डुल्दा त्यही रात परेछ । स्यालले आज तिमीहरू यतै बस भनेछ । काग

र कोइली स्याल कहाँ नै बसेछन् । स्याल कहाँ साँझमा निकै रमाइलो भएछ । सबै स्याल मिली नाचगान गरेको काग र कोइलीले हेरेछन् । त्यस्तैमा सबैले आ-आफ्नो कला देखाउने कुरा आएछ । पहिला कागको पालो परेछ । कागले गीत गाएको सुनेर सबैले कान थुनेछन् र भयो नगाऊ भनेछन् त्यसपछि कागलाई साह्रै रिस उठेछ । कोइलीले गीत गाउन शुरू गर्दा सबै स्याल लट्ठ परेर सुनेछन् । कोइलीको प्रशंसा गरेछन् साथै पुरस्कार पनि दिएछन् । कागलाई आफूलाई कसैले वास्ता नगरेको देखेर झन् रिस उठेछ र ऊ त्यहाँबाट हिँडेछ । रूप एउटै भए पनि बोलीले गर्दा कोइली सबैको प्रिय भएछ ।

सुखद् घटनाक्रमबाट शुरू भइ अन्त्यमा विछोडको सामना बोलीका कारणले गर्नु परी दुखद् अवस्थामा समापन भएको छ । यस कथामा पात्रका रूपमा मानवेतर पात्रहरू काग, कोइली, स्यालहरू रहेका छन् । पर्वतको छमर्के वनलाई यस कथाको परिवेशका रूपमा लिइएको छ । सरल र सहज भाषाशैलीको प्रयोग गरिएको छ । बोलीमा नै प्राणीको सर्वस्व रहेको हुन्छ भन्ने भाव जगाउने खालको छ ।

**घ) सज्जन र सुगा** : सज्जन र सुगा शीर्षक लोककथाको कथानक रैखिक घटनाक्रम अनुसार कुनै गाउँको सज्जन व्यक्ति आफ्नो गाउँ आसपासका गाउँमा घुम्न जान्छन् । घुम्ने क्रममा एकदिन उनी एउटा गाउँमा पुग्छन् । गाउँको एक घरमा पुग्नेबित्तिकै सुगाले भनेछ । गाउँलेहरू हो गाउँमा नयाँ मान्छे आयो यसलाई लुटौं । सज्जन व्यक्तिलाई त्यहाँ अब बस्न हुँदैन भन्ने लाग्छ । उनी त्यहाँबाट तुरुन्त भागिहाल्छन् र नजिकैको अर्को गाउँमा पुग्छन् । त्यहाँको एउटा घरमा पुग्दा नपुग्दै त्यहाँको सुगाले महासय बस्नुहोस् । के खानुहुन्छ ? भनेको सुन्दा सज्जन व्यक्ति अचम्मित हुन्छन् । घरमालिकसँग यसका बारेमा बुझ्छन् । सुगाका मालिक साधु हुन्छन् । साधुले ति सुगा एउटै प्रजातिका मात्र नभइकन एउटै आमाका जुम्ल्याहा सुगा भएको रहस्य बताउँछन् । सज्जन पनि छक्क पर्छन् । पालनपोषण, शिक्षादीक्षा, रहनसहनले नै प्रत्येक जिवात्माको मानसिकतामा प्रभाव पर्ने कुरा बुझेर आफ्नो गाउँ फर्कन्छन् ।

यस लोककथाको घटनाक्रमलाई हेर्दा कथा सज्जन व्यक्तिको सामान्य घुमफिरबाट शुरू भई प्रत्येक जिवात्मामा परिवेशको छापले छोडेको असरलाई देखाउँदै कथा सुखान्त अवस्थामा समापन भएको छ । कुनै गाउँलाई यस कथाको परिवेशको रूपमा लिइएको छ ।

पात्रका रूपमा सज्जन सुगा, साधु, डाँकुहरूको सुगा आदि रहेका छन् । छोटो आकार भैकन पनि जस्तो वातावरणमा जीव हुर्किन्छ त्यस्तै बन्छ भन्ने सन्देशमूलक छ ।

**ङ) मान्छेको आयु :** मान्छेको आयु शीर्षकको लोककथाको कथानक रैखिक घटनाक्रम अनुसार सृष्टिकर्ता ब्रह्माजीले सृष्टिका क्रममा प्राणीहरूको आयु निर्धारण गर्छन् । मुन्छे, गोरु, गधा र लाटोकोसेरोको चालीस वर्षको आयु तोकिन्छ । मुन्छे आफूले पाएको चालीस वर्षे आयुसँग असन्तुष्ट भई आयु थपिदिन ब्रह्माजीसँग गुनासो गर्छ । गोरु, गधा र लाटोकोसेराले भने आफूहरूले पाएको चालीस वर्षे आयु धेरै भएर आधा घटाइदिन ब्रह्माजीसँग गुनासो गर्छन् । सबैको गुनासो सुनेका ब्रह्माजीले उनीहरूलाई बोलाएर चित्त बुझाइदिन चाहेका छन् । सबैजना ब्रह्माजीका अगाडि हाजिर हुन्छन् । गोरु, गधा र लाटोकोसेराको बीस-बीस वर्ष आयु घटाएर साठी वर्ष आयु मानिसलाई थप गरेका छन् । आफ्नो चालिस वर्षे आयुमा साठी वर्ष थपेर मान्छे खुसी हुन्छ । ब्रह्माजीले इच्छा पूरा गराई दिएका ती प्राणीहरू आ-आफ्नो बाटो लाग्छन् । त्यस बेलादेखि मानिसको आयु सय वर्ष भएको छ । चालीस वर्ष पार गरेपछि पशुपंक्षीको आयु लिएर वृद्धावस्थाको कष्टमा जीवन व्यतित गर्नुपर्ने अवस्था आउने गरेको छ ।

यस लोककथाको घटनाक्रम अनुसार आफूले पाएको आयुमा असन्तुष्टिको दुखद् अवस्थाबाट शुरू भई मानवले आयु बढाएर वृद्ध अवस्थामा समस्या आएको दुखान्त घटनामा कथा समापन भएको छ । पात्रको रूपमा मान्छे, गोरु, गधा, लाटोकोसेरो र ब्रह्माजी रहेका छन् । भाषाशैली सहज छ । कुनै गाउँको परिवेश रहेको छ । कथा सुन्दा पौराणिक भए पनि मानवीय स्वभाव र प्रवृत्तिमूलक मानिएको छ ।

**च) डेढ अक्कल :** डेढ अक्कल शीर्षक लोककथाको रैखिक घटनाक्रम अनुसार कुनै गाउँको किसानका घरमा हतुवा लैनो भैँसी हुन्छ । दिनको एक पाथी दूध दिन्छ । किसानले घरमा पन्ध्र दिनपछि भोजभतेरको बन्दोबस्त गर्छ । भोजभतेरमा पन्ध्र पाथी नै दूध आवश्यकता पर्छ । भोजभतेरमा आवश्यक पर्ने दूध बाहिरबाट ल्याउनु भन्दा आफ्नै भैँसीको कचौडामा सँगालेर राख्ने अक्कल लगाउँछ । भोलिपल्टदेखि भैँसी दुहुन छोड्छ । चारपाँच दिनसम्म त भैँसी कचौडाको दूध बिस्तारै सुक्दै जान्छ । किसानले वास्ता गरेको छैन । उसलाई थाहा नै हुँदैन । पन्ध्र दिनपछि भोजभतेरका दिन दूध दुहुन भनेर ठूलो भाँडो लिएर भैँसीको गोठमा

जान्छ । भैँसीको कचौडामा दूध सुकिसकेको हुन्छ । धेरै दिनसम्म दूध सँगालेर राख्दा झन् दूध कत्ति पनि नआउँदा किसान जिल्ल पर्छ । भोजभतेरमा चाहिने दूध अन्तैबाट किनेर ल्याउनुपर्ने हुन्छ । लैनो भैँसी पनि थाक्छ ।

प्रस्तुत कथाको घटनाक्रम हेर्दा मनगढन्ते कल्पनाको सामान्य अवस्थाबाट शुरू भए पनि कथाको समापन भने दुखद् अवस्थामा भएको छ । पात्रका रूपमा किसान र भैँसी रहेका छन् । कुनै गाउँको परिवेशलाई समेटिएको छ । भाषाशैली अत्यन्तै सहज र सरस रहेको छ । सङ्क्षिप्त रूप रहेको यस कथाले श्रोताहरूलाई हास्य मनोरञ्जन दिलाउने खालको रहेको छ ।

**छ) भाग्यको फल :** भाग्यको फल शीर्षक लोककथाको रैखिक घटनाक्रम अनुसार सुकुम्बासी टोलमा एकाबिहानै सुन्दर मयूर रमनको छाप्रोमा घुम्छ । रमनले धपाउन खोज्दा पनि मयूर टसमस नचली त्यही बस्छ । यो कुरा सबैले थाहा पाउछन् र हेर्न आउछन् । पहिलो दिन रमनले मयूरलाई खान नदिँदा पनि मयूर उसको नजिकै ओछ्यानमा टुसुक्क बस्छ । त्यसपछि रमनले मयूर बस्ने घर बनाइदिन्छ । घरवरपरबाट हेर्न आउने दर्शकलाई मयूरले राम्रो नाच देखाउँदै पैसा दिनेलाई आफ्नो प्वाँख दिन थाल्छ । दिनदिनै रमनका घरमा यसरी नै पैसा जम्मा हुन थाल्छ । बूढापाकाले रमनलाई पैसा जतन गर भनेर सल्लाह दिन्छन् । रमनले पनि अब त्यो पैसाले राम्रो घर बनाउने, बिहे गर्ने, मयूरलाई बस्ने राम्रो ठाउँ बनाउने योजना बनाउछ । एक रात सपनामा रमन अब तिम्रो लागि खान, बस्न पुग्ने पैसा भयो म गएँ भन्दै भुर्र उड्छ । रमन बिउझिँदा मयूर त्यहाँ हुँदैन । भोलिपल्ट हेर्न आउनेहरू पनि छक्क पर्छन् र भाग्यको खेल सम्झन्छन् ।

लोककथाको घटनाक्रम अनुसार आफ्नो भाग्यमा लेखेको कारण दुःखी रमनका दिन दुखद् घडीलाई छाडेर सुखमा मोडिएका छन् । कथाको समापन सुखद् रहेको छ । पात्रका रूपमा रमन, सुगा र गाउँलेहरू रहेका छन् । सुगा दैवी शक्ति भएको पात्रका रूपमा रहेको छ । भाषाशैली सहज रहेको छ । दुःख पाउनेलाई केही न केहीको रूपमा भगवान्ले पनि हेरेका हुन्छन् वा दुःखीको साथ भगवान्ले पनि हेरेका हुन्छन् वा दुःखीको साथ भगवान्ले दिन्छन् भन्ने प्रेरणामूलक यस कथा रहेको छ ।

**ज) सतित्वको जित :** सतित्वको जित शीर्षक लोककथाको रैखिक घटनाक्रम अनुसार कुनै देशमा सत्यवान् नामका राजकुमार हुन्छन् । सत्यवान्लाई उनका बा-आमाले अत्यन्तै ठूलै तपस्या पछि जन्माएका हुन्छन् । सत्यवान्को आयु जम्मा २१ वर्ष २१ दिनको हुन्छ । उनको बिहे हुन्छ । शत्रुको आक्रमणबाट बाबाका दुवै आँखा गुम्छन् । राजकाज गुम्छ । उनीहरूले दुःख पाई जङ्गलमा कन्दमूल खाँदा २१ वर्ष २० दिन बित्छन् । अब एक दिनपछि उनी मर्दै छन् भन्ने उनकी पत्नीलाई थाहा हुन्छ । सावित्री त्यसदिन आफ्ना पतिका पछि-पछि लागी छन् । सत्यवान् मर्ने बेला भएपछि मुर्छा परेछन् । उनलाई लिन यमराज आएका रहेछन् । यमराजले सत्यवान्लाई काँधमा बोकेर हिँड्छन् । उनकी पत्नी पछि-पछि लाग्छिन् । यमराजले फर्क भन्दा पनि सावित्री मान्दिनन् । यमराजले तिमीलाई के चाहियो भनेर सोध्छन् । सावित्रीले मेरा अन्धा ससुराका आँखा खुलून् भन्छिन् । यमराजले तथास्तु भन्छन् । फेरि पनि सावित्री पछि लाग्छिन् । यमराजले फेरि के चाहियो ? भनेर सोध्छन् । सावित्रीले मेरा माइतीमा छोरा जन्मिउन् भनेपछि यमराजले तथास्तु भन्छन् । फेरि पनि सावित्रीले यमराजकै पिछा गर्न छाड्दिनन् । यमराजले अब फर्क भन्छन् । सावित्रीले अझ एउटा मात्र माग्छु भन्छिन् । यमराज हतारमा हुन्छन् उनले छिटोछिटो माग भन्छन् । सावित्रीले मेरो सतित्वमा रहेको छोरा जन्मियोस् र गुमेको राज्य फिर्ता होस् भन्छिन् । यसमराजले हतारमा तथास्तु भनेको कारणले उनका पति फिर्ता दिनुपर्ने हुन्छ ।

यस लोककथाको घटनाक्रम अनुसार सुखद् घडीबाट शुरू भएको कथाले बीचमा दुखद् मोड लिए पनि सावित्रीको सतित्व र बुद्धिका कारण सुखद् समापन भएको छ । यस कथामा पात्रका रूपमा सावित्री सत्यवान्, राजा, दैवीशक्ति यमराज रहेका छन् । दरवार र जङ्गलको परिवेशलाई समेटिएको छ । भाषाशैली अत्यन्त सहज रहेको छ । पतिव्रता नारीले आफ्नो पुरुषलाई जस्तोसुकै सङ्कटबाट बचाउन सक्छिन् भन्ने भाव बोकेको धार्मिक लोककथा अन्तर्गत पर्दछ ।

**झ) सत्यको विजय :** सत्यको विजय शीर्षक लोककथाको कथानक रैखिक घटनाक्रम अनुसार एकादेशमा बस्ने दुई दाजुभाइ हुन्छन् । उनीहरूका बाबाआमा हुँदैनन् । यी दुई भाइमध्ये कान्छो सोझो र जेठो बाठो देखिन्छ । एकदिन अंशबन्डा हुन्छ । अंशमा दाजुले मीठो खेतवारी आफूलाई राख्छ र भीरपहरो भएको बारी भाइलाई दिन्छ । भाइ पहरो बिराउन जान्छ । उसकी श्रीमती उसलाई तीन रोटी लिएर खाजा खुवाउन जान्छिन् । भाइले

श्रीमतीलाई रोटीको विषयमा एक खाम, दुई खाम, तीनवटै खाम भन्छ । संयोगवश पहराभित्र राक्षस बसेको हुन्छ । उसले आफू तीन जना जहानलाई खाने भयो भनेर पहराबाट बाहिर निस्की हामीलाई नखाऊ बरु हामीसँग प्रशस्त असर्फी छ बोक्ने जति लैजाऊ भन्छ । त्यसपछि भाइका बूढाबुढीले बोक्न सक्ने जति असर्फी बोकेर घर आउँछन् । घरमा ल्याएर नापेको देखेपछि दाइले उनीहरूसँग सबै जग्गा साट्छ । भोलिपल्ट पाखोमा जान्छ र एक खाम, दुई खाम, तीनै खाम भन्दा राक्षस त्यहाँबाट गइसकेको हुन्छ । लोभी दाइ यताको न उताको हुन्छ । सत्यलाई अँगालेर बस्ने भाइले सुख पाउँछ ।

लोककथाको घटनाक्रम हेर्दा सामान्य अवस्थाबाट शुरू भएको कथामा दाजुको लोभी बानीका कारणले उल्टै आफूले दुःख पाई कथाको समापन भएको छ । यस कथामा परिवेशको रूपमा गाउँ त्यहाँको खेत, बारी, भीर, पहरो रहेको छ । दुई दाइभाइ र उनीहरूका श्रीमती, राक्षस पात्रका रूपमा आएका छन् । भाषाशैली अत्यन्तै सहज र सरल रहेको छ । सत्यको बाटो हिँड्नेको एक दिन पक्कै नै राम्रो हुने र असत्यको बाटो अँगाल्नेलाई नियतीले नै घुमिफिरी धोखा दिन्छ भन्ने सन्देशमूलक लोककथाको रूपमा रहेको छ ।

ञ) **दाउरेकी बुद्धिमती छोरी** : दाउरेकी बुद्धिमती छोरी लोककथाको कथानक रैखिक घटनाक्रम अनुसार एकादेशमा बूढो र कमजोर हुँदै गएका एक जना राजा हुन्छन् । राजालाई छोराको बिहे गर्ने इच्छा हुन्छ र यो कुरा राजकुमार सामु राख्छन् । राजकुमारले पनि सहमति जनाउँदै मैले बिहे गर्ने केटीले मेरा प्रश्नको उत्तर दिन सकेमात्र बिहे गर्ने कुरा गर्छन् । राजाले यो कुरा देशभर फैलाउँछन् । दरबारमा केटीको लाइन लाग्छ तर कसैले पनि उत्तर मिलाउन सक्दैनन् । एक दिन एकजना दाउरे दरबारमा दाउरा लिएर आउँछ । राजकुमारलाई आफ्नी छोरी बुद्धिमानी भएको कुरा बताउँछ । राजकुमारले एक दूतलाई केही सामानसहित सन्देश लेखी पठाउँछन् । दूतले सन्देश र सामान दाउरेकी छोरीलाई दिन्छ । भोलिपल्ट दाउरेकी छोरीले सही उत्तर राजकुमारलाई पठाउँछे र राजकुमारले आफूले खोजेकी जस्तै बुद्धिमती केटी पाएकोमा खुसीसाथ बिहे गर्छन् । राजा पनि बुद्धिमती बुहारी पाएर निकै खुसी भइ दाउरे सम्धीलाई पनि एउटा राम्रो पद दिन्छन् ।

यस लोककथाको घटनाक्रम अनुसार सामान्य अवस्थाबाट शुरू भएको कथामा आफ्नो चतुर बुद्धिका कारण सामान्य घरकी दाउरेकी छोरी सिङ्गो राज्यकी महारानी बन्न

पुगेर सुखद् समापन भएको छ । यसको परिवेश राजाको दरवार र दाउरेको गाउँ रहेको छ । पात्रका रूपमा राजा, राजकुमार, दाउरे, दाउरेकी छोरी, दूत रहेका छन् । भाषाशैली सरल र सहज रहेको छ ज्ञान र बुद्धिले पूर्ण मानिसले एक दिन सफलता हात पार्छ भन्ने सन्देशमूलक रहेको छ ।

**ट) गाईजात्रा :** गाईजात्रा शीर्षक लोककथाको कथानक रैखिक घटनाक्रम अनुसार परापूर्व कालमा एक जना राजाको छोरो मरेकाले रानी अलापविलाप गर्छिन् । राजालाई धेरैले सम्झाइबुझाई गर्दा चित्त बुझाउँछन् । रानीलाई कसरी चित्त बुझाउने भनेर राजालाई अर्को चिन्ता थपिन्छ । रानीको चित्त बुझाउनका लागि राजाले एउटा उपाय गर्छन् । छोराको मृत्यु हुनेका प्रत्येक घरबाट गाईलाई सिँगारेर दरबार अगाडिको बाटो हुँदै शहर घुमाउनु पर्ने नियम लगाइदिन्छन् । राजाले लगाएको नियम अनुसार छोराको मृत्यु हुनेका घरबाट गाईलाई सिँगारेर राजाको दरबार अगाडिको बाटोमा ल्याउँछन् । राजाले रानीलाई मूल बाटोतिर देखाउँदै हाम्रो मात्र होइन अरूका पनि छोराहरू मर्दा रहेछन् त भनेर सम्झाइ बुझाइ गर्छन् । रानीले पनि यो कुरा थाहा पाएपछि मात्र विस्तारै चित्त बुझाउँदै जान्छिन् । यही चलनले गर्दा आजसम्म पनि गाईजात्रा मनाउने परम्परा रही आएको देखाइएको छ ।

गाईजात्रा लोककथा पुत्रशोकको दुखद् अवस्थाबाट प्रारम्भ भए पनि शोकमुक्त अवस्थामा विश्राम भएकोले सुखान्त कथा बनेको छ । राजाको दरबार र यस वरपरका गाउँ यसका परिवेशको रूपमा रहेको छ । राजा-रानी देशवासीहरू यसका पात्रका रूपमा आएका छन् । सरस भाषाशैलीको प्रयोग गरिएको छ । लोककथा किंवदन्तीजस्तो भएपनि यसले वर्तमान अवस्थामा पनि ऐतिहासिक र सामाजिक स्वरूप ग्रहण गरेको छ । सङ्क्षिप्तता भित्रको कारुणिकता र यथार्थता गाईजात्रा लोककथा हो ।

**ठ) गोनु र बिरालो :** गोनु र बिरालो शीर्षक लोककथाको रैखिक घटनाक्रम अनुसार एकादेशमा एकजना लहडी राजा हुन्छन् । उनले सभामा अनौठो प्रश्न राख्ने र उत्तर माग्ने गर्छन् । एक दिन सभा चलेको बेलामा बिरालो देख्नेबित्तिकै राजाले बिरालोलाई दूध खुवाएर अमन पार्नेलाई प्रशस्त इनाम दिने र सक्छु भनेर पनि नसक्दा देश निकाला गर्ने प्रस्ताव राख्दछन् । गोनु झा त्यसै राज्यका सामान्य किसान छन् । उनले सक्छु भन्छन् । त्यस राज्यका मुख्यमन्त्री बिज्जु शाहले गोनुलाई यही कुरामा फँसाएर देश निकाला गराउने

अवसर हेरिरहेका हुन्छन् । गोनुलाई उक्साउँदै मेरो मुख्यमन्त्री पद पनि बिरालो अमन पार्नेलाई नै दिन्छु भन्छन् । गोनुले दरबारबाट बिरालो र दूध लैजान्छन् । बिरालो घरमा बाँध्छन् र दिनदिनै दरवारबाट लगेको दूध आँफै पिउँछन् । यो थाहा पाएका विज्जुले राजालाई भन्छन् । राजाले गोनुलाई बोलाउँछन् गोनुले होइन सरकार बिरालोलाई धेरै दूध खुवाएर अमन नै भैसक्यो भन्छन् । बिरालो दरवारमा ल्याउने कुरा भएपछि गोनु घरमा जान्छन् र उमालेको दूधमा बिरालोको मुख जोतिदिन्छन् । बिरालोलाई दरवारमा ल्याइन्छ र दूध दिँदा बिरालो अर्कोतर्फ फर्कन्छ । राजा खुसी भइ गोनुलाई प्रशस्त इनाम दिन्छन् । बिज्जुले आफ्नो मुख्यमन्त्री पद दिन्छन् । यही पद खोसिनाको कारणले बिज्जु शाह मर्छन् ।

यस लोककथाको घटनाक्रम अनुसार सामान्य राजदरवार र लहडी राजाबाट शुरू भएको कथामा अन्त्यमा राम्रो काम गर्ने गोनुकोतर्फमा सुखद् समापन र अर्काको कुभलो चाहने विज्जुको दुखद् समापन भएको छ । समग्रमा कथा सुखान्त नै रहेको छ । यहाँ पात्रको रूपमा राजा, बिज्जु शाह, बिरालो, गोनु झा रहेका छन । परिवेशको रूपमा दरवार र गाउँ रहेको छ । भाषाशैली सरल र सहस छ । कुबुद्धिले आफ्नै अन्त्य र सुबुद्धिले जस्तोसुकै काम पनि सम्भव हुन्छ भन्ने प्रेरणा जगाउने खालको छ ।

यसरी कुश्मा क्षेत्रका लोककथाहरूमा लिङ्ग, वर्ग भूमिका, स्वभाव, प्रवृत्ति, पीडित र पीडक, मानवीय वा मानवेतर आदि पात्रहरूको चरित्रचित्रणगत रूपमा विश्लेषण गरिएको छ । प्रस्तुत लोककथाको कथानक घटनाअनुसार **किसानको धैर्य, जसका भैँसी त्यसको लट्ठी, भाग्यको फल, सतित्वको जित, दाउरेकी बुद्धिमानी छोरी र गाईजात्रा** शीर्षक लोककथाहरू सुखान्त घटनामा आधारित छन् भने **मान्छेको आयु, डेढअक्कल, काग र कोइली** शीर्षक लोककथाहरू दु:खान्त घटनामा आधारित छन् । यी सबै लोककथाहरू केही न केही अर्ति उपदेश र मनोरञ्जन दिने सालका छन् । नैतिक सन्देश कर्तव्यबोध, सामाजिक रीतिरिवाज र परम्परा, छलकपट, अन्याय, अत्यचार, शोषण, ईश्वर र धर्मप्रतिको आस्था जागृत गराउने किसिमका लोककथा रहेका छन् । यसरी विभिन्न शीर्षकका लोककथाहरूका कथानकलाई घटनाक्रमका आधारमा क्रमबद्ध गरी विश्लेषणात्मक प्रस्तुतीकरण भएको छ ।

## ४.२ चरित्रचित्रणका आधारमा कुश्मा क्षेत्रका लोककथा

लोककथामा पाइने पात्रहरूको क्रियाकलाप नै चरित्रचित्रण भएकाले कुश्मा क्षेत्रका लोककथाको चरित्रचित्रण गर्दा नारी वा पुरुष, प्रमुख सहायक वा गौण, अनुकूल वा प्रतिकूल

स्थिर वा गतिशील, मानवीय वा मानवेतर र लौकिक वा परलौकिक आदिका आधारमा चरित्रचित्रणगत विश्लेषण गरिएको छ । **किसानको धैर्य** लोककथाका मुख्य पात्र किसान, र गधा रहेका छन् । यी पात्रको वर्ग मानवीय र मानवेत्तर प्रमुख भूमिका रहेको छ । स्वभावका हिसाबले गतिशील, प्रवृत्तिका आधारमा अनुकूल र दुवै पीडित पात्र रहेका छन् । यसैगरी, कथामा छोरो र बटुवाहरू मानवीय सहायक पात्रका रूपमा रहेका छन् । उनीहरू गतिशील, अनुकूल पात्र रहेका छन् । छोरो पीडित पात्र हो भने बटुवाहरू पीडक पात्र रहेका छन् ।

यसैगरी, **जसको लट्ठी त्यसको भैँसी** लोककथाका प्रमुख पात्र दुई जना राजमान र ठग पात्र रहेका छन् । दुवै पुरुष पात्र मानवीय वर्गका दुवै जनाको भूमिका प्रमुख रहेको छ । स्वभाव गतिशील र प्रवृत्ति राजमानको गतिशील अनुकूल रहेको छ भने ठगको गतिशील तर प्रतिकूल रहेको छ । राजमान पीडित छ भने ठग पीडक पात्रको रूपमा रहेको छ । **काग र कोइली** लोककथाका प्रमुख पात्र काग, कोइली र स्याल सबै मानवेत्तर पात्र रहेका छन् । काग र कोइलीको प्रमुख भूमिका रहेको छ भने स्यालको सहायक भूमिका रहेको छ । स्वभावका रूपमा काग गतिशील, कोइली र स्याल स्थिर रहेका छन् । प्रवृत्तिमा काग प्रतिकूल, कोइली र स्याल अनुकूल रहेका छन् । कथामा काग पीडितको भूमिकामा रहेको छ । **सज्जन र सुगा** लोककथाका प्रमुख पात्र सुगा, सज्जन सुगा र दुर्जन सुगा रहेका छन् । सज्जन मानवीय प्रमुख पात्र रहेको छ भने सुगा मानवेत्तर प्रमुख पात्रकै रूपमा रहेका छन् । यसैगरी साधु पुरुष मानवीय सहायक पात्रका रूपमा रहेको छ । भूमिकामा साधु बाहेक सबैको प्रमुख भूमिका रहेको छ । स्वभावका हिसाबले सबै पात्र स्थिर रहेका छन् भने सज्जन, सज्जन सुगा, साधुको प्रवृत्ति अनुकूल रहेको छ । दुर्जन सुगाको प्रवृत्ति प्रतिकूल रहेको छ । कथामा सज्जन पीडितको भूमिकामा रहेको छ भने दुर्जन सुगा पीडक रहेको छ ।

**मान्छेको आयु** कथामा ब्रहमाजी, मानिस गोरु र गधा पुरुष पात्र रहेका छन् । ब्रह्माजी दैवी पात्र हुन । मानिस मानवीय पात्र हुन् भने गोरु गधा र लाटोकोसेरो मानवेत्तर पात्र हुन् ।  ब्रहमाजी लिङ्गका आधारमा दैवी पात्र, भूमिकामा सहायक, स्वभावमा स्थिर र प्रवृत्तिमा अनुकूल पात्रका रूपमा रहेका छन् । मानिस मानवीय, भूमिकामा प्रमुख, स्वभावमा गतिशिल र प्रवृत्तिमा पीडित र पीडक दुवै भूमिकामा प्रतिकूल पात्रका रूपमा रहेका छन् । यस्तै गोरु, गधा, लाटोकोसेरो भूमिकामा प्रमुख, स्वभावमा गतिशील, प्रवृत्तिमा अनुकूल पात्रका रूपमा रहेका छन् । यसैगरी, अर्को **डेढ अक्कल** कथामा मान्छे र भैँसी गरी लिङगका आधारमा पुरुष र नारी दुई पात्र रहेका छन् । मान्छे मानवीय र भैँसी मानवेत्तर पात्र हुन् ।

भूमिकामा मान्छे प्रमुख, भैँसी सहायक, स्वभावमा मान्छे गतिशील, भैँसी स्थिर, प्रवृत्तिमा मान्छे प्रतिकूल पीडक र भैँसी अनुकूल, पीडितको भूमिकामा रहेका छन् । **भाग्यको खेल** कथामा रमन, मयूर र गाउँले पात्र रहेका छन् । रमन र गाउँले मानवीय पात्र हुन भने मयूर मानवेत्तर पात्र हो । कथामा रमन र मयूरको भूमिका प्रमुख, रमनको स्थिर र मयूरको गतिशील अनुकूल प्रवृत्ति रहेको पाइन्छ । यसैगरी कथामा गाउँले सहायक पात्रका रूपमा स्वभावमा स्थिर र अनुकूल पात्रका रूपमा प्रस्तुत भएका छन् ।

**सतित्वको जीत** कथामा सत्यवान र सावित्री प्रमुख पात्र हुन् । राजा र यमराज सहायक पात्र रहेका छन् । सत्यवान, राजा, यमराज पुरुष पात्र हुन् भने सावित्री नारी पात्र हुन् । वर्गका आधारमा यमराज दैवी र अन्य मानवीय वर्ग हुन् । सत्यवान, राजा र यमराज स्थिर पात्र हुन् भने सावित्री गतिशील । सबै पात्र प्रवृत्तिका आधारमा अनुकूल मानवीय पात्र सबै पीडित पात्र हुन् । अर्को सत्यको विजय शीर्षकको कथामा दाइभाइ, भाइकी श्रीमती र राक्षस पात्रका रूपमा रहेका छन् । दाइ भाइ पुरुष पात्र हुन् भने भाइकी श्रीमती नारी पात्र हुन् । कथामा राक्षस दैवी, सहायक स्थिर र प्रतिकूल पात्रका रूपमा रहेको छ । यस्तै दाइ र भाइ प्रमुख, भाइकी श्रीमती सहायक पात्रका रूपमा रहेका छन् । भूमिकाका आधारमा भाइ र दाइ प्रमुख, गतिशील, प्रतिकूल र पीडितको भूमिकामा छन् भने भाइकी श्रीमती र राक्षस सहायक, स्थिर भूमिकामा रहेका छन् । राक्षस प्रतिकूल पात्र हो भने भाइ र भाइकी श्रीमती अनुकूल पीडित पात्र हुन् ।

**दाउरेकी बुद्धिमती छोरी** कथामा राजा, राजकुमार, दाउरे, दाउरेकी छोरी, दूत पात्र रहेका छन् सबै मानवीय पात्र रहेका छन् भने लिङ्गका आधारमा दाउरेकी छोरी नारी र अन्य पुरुष पात्र रहेका छन् । कथामा राजा सहायक, स्थिर र अनुकूल पात्र हुन् भने राजकमार प्रमुख गतिशील र अनुकूल पात्र हुन् । यसैगरी, दाउरेकी छोरी प्रमुख गतिशील र अनुकूल पात्र हुन् भने दूत सहायक गतिशील प्रतिकूल पात्र हुन् । यसैगरी अर्को कथा **गाइजात्रा**मा राजा, रानी, सहरिया र गाई पात्रका रूपमा रहेका छन् । रानी र गाई नारी पात्र हुन् भने राजा पुरुष पात्र हुन् । गाई मानवेत्तर र अन्य सबै मानवीय पात्र रहेको यस कथामा राजा र रानीको प्रमुख भूमिका रहेको छ भने सहरीया र गाईको सहायक भूमिका रहेको छ । स्वभावका आधारमा राजा, सहरीया र गाई गतिशील, प्रवृत्तिका आधारमा अनुकूल पात्र हुन् । रानी स्थिर, प्रतिकूल र पीडित पात्र हुन् ।  यसैगरी अध्ययनको अर्को कथा **गोनु र बिरालो** कथामा राजा, गोनु, विज्जु र बिरालो पात्रका रूपमा आएका छन् । सबै पुरुष मानवेत्तर पात्र

हुन् । यसमा गोनुको प्रमुख भूमिका रहेको छ भने अन्य सबैको सहायक भूमिका रहेको छ । स्वभावका आधारमा गोनु र राजा गतिशील, बिज्जु र बिरालो स्थिर पात्र हुन् । प्रवृत्तिका आधारमा गोनु, राजा र बिरालो अनुकूल पात्र हुन् । बिज्जु प्रतिकूल र पीडक पात्र हुन् । कथामा गोनू र बिरालो पीडित छन् भने राजा पीडकको भूमिकामा रहेका छन् । यसरी कुश्मा क्षेत्रका लोककथामा लिङग, वर्ग, भूमिका, स्वभाव, प्रवृत्ति, पीडित र पीडक, मानवीय वा मानवेत्तर आदि पात्रको चरित्रचित्रणगत रूपमा विश्लेषण गरिएको छ ।

### ४.३ उद्देश्यका आधारमा कुश्मा क्षेत्रका लोककथा

कथाको प्रयोजन नै उद्देश्य भएकाले कुश्मा क्षेत्रका लोककथाहरूको उद्देश्य पनि मूलत मनोरञ्जन नै हो तर मनोरञ्जन नै हो तर मनोरञ्जनका अतिरिक्त नैतिकताको पाठ सिकाउने अर्ति उपदेश दिने आदि रहेका छन् । **किसानको धैर्य** शीर्षकको लोककथाको उद्देश्य आफ्नो बुद्धि नलगाईकन अरूको कुरामा पछि लाग्दा हुने बेफाइदालाई प्रस्टाउँदै अरूको कुराको पछि नलागिकन आफ्नो स्वविवेक र विचार लगाएर काम गर्नुपर्ने कुराको सन्देश दिनु हो । यसैगरी, **जसको लट्ठी त्यसको भैँसी** शीर्षकको लोककथा जीवनपयोगी र व्यवहारिक छ । बुद्धिमान मानिसले जस्तो कठिन परिस्थितिलाई पनि सामना गर्न सक्छ, बुद्धि लगाएर काम गर्ने हो भने जस्तोसुकै जटिल समस्या पनि सजिलै समाधान गर्न सकिन्छ भन्ने शिक्षा दिनु यो कथाको उद्देश्य हो ।

**बोलीको असर** शीर्षक लोककथामा कागको नमीठो बोली भएको हुँदा उसलाई कसैले पनि मन पराएनन् र कोइलीको सुमधुर बोलीले ऊ सबैको प्यारो भयो, माया पायो । बोलीमा नै प्राणीको सर्वस्व रहेको हुन्छ भन्ने भाव जगाउनु यो कथाको उद्देश्य हो । यस्तै, **सज्जन र सुगा** लोककथाको उद्देश्य प्राणीले जस्तो वातावरणमा हुर्कियो त्यस्तै व्यवहार देखाउँछ, सङ्गत गुनाको फल प्राप्त हुन्छ भन्ने भाव दर्साउनु हो । यसैगरी, **मान्छेको आयु** लोककथाको उद्देश्य मानिसको असन्तोषी भावनाले गर्दा सय वर्ष भएको रहेछ । अरू जनावारको तुलनामा मान्छेको जात असन्तोषी रहेछ तर जे छ त्यसैमा सन्तुष्ट हुन सिक्नुपर्छ भन्ने शिक्षा दिनु हो । यस्तै, **डेढ अक्कल** लोककथाको उद्देश्य मनगढन्ते लगाएर गरेको काम परिणाम विपरित हुने र आफूले अनुभव नै नगरेको काममा आधारहिन पूर्वानुमान लगाउनु डेढ अक्कल हुने र म ताक्छु मुढो बन्चरो ताक्छ घुँडो नेपाली उखानलाई प्रस्तुत कथाले पुष्टि गरेको सन्देश दिनु रहेको छ ।

भाग्यको फल लोककथाको उद्देश्य जस्तोसुकै समस्यामा पनि मानिस धैर्यवान भएर आफूले सुकार्य गरेर बस्यो भने, यदि आफ्नो भाग्यमा लेखेको रहेछ भने सन्तोषजनक सुदिन फिर्न बेर लाग्दैन भन्नु हो । यस्तै, **सतित्वको जित** भन्ने कथा पौराणिक धार्मिक लोककथा हो । कुनै पनि हिन्दू स्त्री जातिका लागि सबैभन्दा ठूलो धर्म पतिव्रता धर्म हो । पतिव्रता धर्म पालन गरेकी एउटी नारीले आफ्नो श्रीमान्लाई जस्तो सुकै दुःख कष्टबाट पनि बचाउन सक्छिन भन्ने यस कथाको उद्देश्य रहेको छ ।

**सत्यको विजय** लोककथाको उद्देश्य सत्यको सधैं जित हुन्छ् झुटको खेती एक न एक दिन बिलाउँछ । त्यसैले सधैं सत्कर्म गर्नुपर्छ भन्ने शिक्षा दिनु हो । यस्तै, **दाउरेकी बुद्धिमान छोरी** लोककथाको उद्देश्य बुद्धि र अक्कल लगाएर काम गरे जस्तोसुकै अवस्थामा पनि सफलता प्राप्त गर्न सकिन्छ भन्ने भाव दर्शाउनु हो । **गाइजात्रा** लोककथाको उद्देश्य प्रियजन र प्रियवस्तु गुमाउनु पर्दाको पीडामा धैर्य धारण गर्न र चित्त बुझाउन कठिन कुरा हुँदो रहेछ । आफूलाई पीडा हुँदा अर्कालाई परेको पीडा बोध गर्न सकेमा मात्र चित्त बुझाएर धैर्य धारण गर्न सकिने रहेछ भन्ने सन्देश दिन खोज्नु रहेको छ भने **गोनु र बिरालो** लोककथाको उद्देश्य बुद्धि लगाएर काम गर्दा जस्तोसुकै काम पनि सम्भव हुने र अर्काको कुभलो चाहनेको आफ्नो खुसी पनि खोसिन गएको कुरा दर्शाउनु रहेको पाइन्छ । प्रस्तुत लोककथाका सन्देशका अतिरिक्त अन्य धेरै मानव उपयोगी सन्देश यी लोककथाबाट लिन सकिने देखिन्छ । यसरी विभिन्न उद्देश्यका आधारमा प्रचलित लोककथाहरूलाई विश्लेषण गरिएको छ ।

### ४.४ परिवेशका आधारमा कुश्मा क्षेत्रका लोककथा

लोककथामा पात्रले कार्यव्यापार गर्ने र घटना ठाउँ, समय र वातावरणलाई परिवेश भनिने हँदा कुश्मा क्षेत्रमा प्रचलित लोककथाहरूको पनि विभिन्न परिवेशगत आधारहरू रहेका छन् । यहाँ भन्ने स्थान र पात्रगत आदि परिवेशका आधार लिएर सङ्क्षिप्त रूपमा निम्नानुसार विश्लेषण गरिएको छ । प्रस्तुत किसानको धैर्य लोककथाको परिवेश किसानको घरदेखि बजारसम्मको गाउँघरको सेरोफेरोमा वनजङ्गल, बाटोघाटो र पँधेरो आदि रहेका छन् । जसको लट्ठी त्यसको भैँसी लोककथामा भैँसी किनेको गाउँदेखि राजमानका गाउँका बीचको घना जङ्गल रहेका छ । काग र कोइली लोककथामा पर्वतको छमर्केको वन नै मुख्य परिवेशको रूपमा मानिएको छ । सज्जन र सुगा लोककथामा पर्वत जिल्लाका, कुश्मा

क्षेत्र आसपासका गाउँहरू, त्यहाँका बाटाघाटा, घरहरू, फटाहाको गाउँदेखि साधुको गाउँसम्मको परिवेश लिइएको छ ।

यसैगरी, मान्छेको आयु लोककथामा देवताले तोकेको आयुमा चित्त नबुझाएको अवस्थामा परिवेशलाई गोरु, गधा र लाटोकोसेराको आयु घटाउने र मान्छेको आयु बढाउने ब्रह्माजीले निर्णय गरेको अवस्था आदि परिवेश रहेको छ । डेढ अक्कल किसानको घर र भैंसीको गोठ सीमित परिवेश रहेको छ । भाग्यको फल लोककथामा रमनको सुकुम्बासी बस्ती, त्यस बस्ती वरपरका घरहरू, अर्तिबुद्धि दिने छिमेकीका घरहरू, पिढी, ओछ्यान आदि रहेको छ । सत्यको विजय लोककथामा दाजुभाइको गाउँ, घरखेत, बारी, भीर, पहरो आदि रहेको छ । दाउरेकी बुद्धिमती छोरी लोककथामा राजाको राजदरबार, दरबारको सेरोफेरो, दाउरेको गाउँघर, दाउरेको घरदेखि दरबारसम्मको बाटो परिवेशका रूपमा रहेका छन् । गाईजात्रा लोककथामा राजदरबार वरपरको सहर बाटोघाटो आदि देखापर्छ । निश्चित ठाउँ कुन हो तोकेरै भनन नसकिने अवस्था देखिन्छ । राजारानीले पुत्रशोक गर्दा सबैले सम्झाएका तर राजाले चित्त बुझाए पनि रानीलाई भने शोक बढ्दै गएको र रानीको मन बुझाउन सहरमा गाईजात्रा निकालेको आदि परिवेश रहेका छन् । गोनु र बिरालो लोककथामा कुनै देशका लहडी राजाको सभाकक्ष, राजदरबार, दरबारको आसपास, त्यसै राज्यका सामान्य गाउँघर, खेती किसानी गर्ने मानिस आदि परिवेश रहेका छन् । यसरी कुश्मा क्षेत्रका लोककथाको परिवेशलाई हेर्दा पारिवारिक, ग्रामीण, सामाजिक, पौराणिक र वातावरणका आधारमा विश्लेषण गरिएको छ ।

### ४.५ भाषाशैलीका आधारमा कुश्मा क्षेत्रका लोककथा

प्रस्तुत शीर्षकका सम्बन्धमा भाषाशैलीगत आधारमा कुश्मा क्षेत्रका लोककथामा समानता भएकोले १२ लोककथाको एकीकृत रूपमा भाषाशैलीगत विश्लेषण गरिएको छ । भाषाशैलीका आधारमा कुश्मा क्षेत्रका लोककथामा समय र ठाउँ अनुसार भाषामा परिवर्तन भए जस्तै लोककथामा उही लोककथा पनि पटक-पटक सुनाउँदा परिवर्तन भैरहेको हुन्छ । यहाँका लोककथाको भाषामा स्थानीय भाषिकाको प्रवलता रहेको छ । वाक्यहरू छोटा र सरल प्रकृतिका रहेका छन् । सानादेखि ठूलासम्म सबैले सजिलैसँग बुझ्न श्रोतामा कथा समाप्त नहुँदासम्म पनि उत्सुकता जगाइराख्ने खालको भाषाशैली लोककथामा रहेका छन् ।

प्रस्तुत लोककथामा प्रयोग गरिएका स्थानीय भाषा अन्तर्गत मुन्छे, आम्चु, जाम्ला, खाम्ला, सुटुक्कै, भुसुक्कै, अक्कल, खाँचो, कचौडो, जिल्ल, हिस्स, मख्ख, हपार्दै, अलाप विलाप जस्ता शब्दहरू गाउँले शैलीमा भएकाले सर्वसाधारणलाई कठिन शब्दका कारण शब्दकोष नचाहिने र लाक्षणिक अर्थका लागि टाउको दुखाउन नपर्ने अभिधार्थक शब्दहरू रहेका छन् । भाषाशैलीले ग्रामीण परिवेशलाई प्रतिनिधित्व गरेको पाइन्छ । भैंसी, लैनो, गोठ, भतेर जस्ता शब्दहरू गाउँले शैलीमा देखिने भएकाले साथै सर्वसाधारहरूले सहज र सरल अनुभव गर्न सक्ने देखिन्छ । गाउँघरमा सबै उमेर समूहकाले सुन्न र सुनाउन रोचक लाग्ने खालको भाषिक प्रस्तुति रहेको छ ।

कुश्मा क्षेत्रमा प्रचलित स्थानीय भाषामा शब्द चयन, वाक्य गठनमा सरल शब्द र छोटा-छोटा वाक्यले कथालाई सरल र बोधगम्य बनाएका छन् । प्रस्तुत १२ लोककथाको भाषाशैली ग्रामीण जनजीवनमा आधारित हुँदा हुँदै मानवीय भाषामा पशुपंक्षीले बोलेको भाषा रोचक शैलीमा रहेको छ । ब्रह्माजी, मानव, राक्षस पशुपंक्षीले के बोले भन्ने कुरालाई प्रचलित भाषामा र व्यक्ति विशेषमा भर पर्ने भए पनि लोककथामा प्रयोग भएको भाषामा जटिलताको कुनै कण पनि रहेको छैन । बरु सरलताको बाहुल्यता नै रहेको छ । यहाँ प्रस्तुत कतिपय लोककथामा हास्य, मनोरञ्जनात्मक र रोचक लाग्दो कौतुहल जगाउने पीडा र वेदनाको करुण भाषाशैलीमा कथा सुनेर व्यवहारिक ज्ञान अर्तिउपदेश लिन सकिने खालको भाषाशैली रहेको छ ।

प्रस्तुत कुश्मा क्षेत्रमा प्रचलित लोककथाको विश्लेषणका क्रममा पाइने विशिष्टतामा सङ्क्षिप्तता, प्रभावकारिता, विषयवस्तुमा विविधता, मौखिक परम्परामा सिमित, मनोरञ्जनात्मक, सामाजिक, लोकव्यवहार अमानवीय पात्रमा पनि मानवीय व्यवहारको भाषिक प्रस्तुति रहेका छन् । कुश्मा क्षेत्रका लोककथाको एकीकृत भाषाशैलीगत विश्लेषणका क्रममा सरल बोधगम्य, रोचक, उत्सुकता जगाउने, तत्सम, तद्भव, झर्रा, आगन्तुक र अनुकरणात्मक शब्दहरूको प्रयोग पनि रहेको छ ।

## ४.६ निष्कर्ष

यसरी कुश्मा क्षेत्रका लोककथालाई हेर्दा **किसानको धैर्य** कथामा कुनै एक किसानले आफ्नो बिचारले गधा बेच्न हिडालेको बेलामा धैरै थरि मानिसका कुरा सुन्दासुन्दै र अरूको भनाइ अनुसार काम गर्दागर्दै वाक्क परेर आफ्नो विवेक प्रयोग गरी काम गर्ने अठोर गर्दै

कथाको समापन भएको छ । यस्तै, **जसको लट्ठी त्यसको भैंसी** कथामा राजमान भन्ने कुनै मानिस भैंसी किनेर फर्कदै गर्दा बाटोमा लुटाहाको फेला पर्छ र आफ्नो बुद्धि लगाएर चोरको लट्ठीको साथै आफ्नो भैंसी पनि फिर्ता लिएर कथाको समापन भएको छ । यस्तै **काग र कोइली** कुनै जङ्गलमा बस्ने काग र कोइली मिलेर डुल्न निस्कन्छन् । डुल्दै जाँदा स्याल काकाको घरमा बस्ने क्रममा कोइलीको मिठो बोलीको कारण उसलाई कसैले वास्ता गर्दैनन् बोलीनै प्राणीको सर्वस्व रहेछ भन्ने यथार्थका साथ कथाको समापन भएको छ । **सज्जन र सुगा** कथामा कुनै गाउँका सज्जन व्यक्ति गाउँ घुम्ने क्रममा एउटै प्रजातिका सुगाको चरित्रमा पाएको फरकपनको महसुस गर्दै , कोख एउटै भए पनि लालनपालन र संस्कारले जीवात्मामा पार्ने वैचारिक भिन्नताको महसुस गर्दै कथाको समापन भएको छ ।

**मान्छेको आयु** कथामा सबै प्राणीहरूलाई आयु तोक्ने क्रममा मान्छे आफूलाई ब्रह्माजीले दिएको ४० बर्ष आयुले असन्तुष्ट भइ गधा, गोरु र लाटोकोसेरोको आयु थपीदिन आग्रह गरी मानिसको आयु १०० बर्ष पुऱ्याएको यस कथाको समापन भएको छ । यसैगरी, **डेढ अक्कल** कथामा कुनै गाउँको एउटा किसानले आफ्नो नाति जन्मेको खुसीमा गाउँमा भतेर लाउन खोज्छ । उसलाई भतेर लगाउन पन्ध्र पाथी दुध चाहिन्छ । उसको भैसीले एक पाथीमात्र दुध दिने भएकोले उसले पन्ध्र दिनसम्म भैंसी नदुईकन राख्दा उसको लैनो भैसी नै थारो पल्टिन्छ र भतेरलाई दुध पनि अन्तैबाट ल्याउनुपर्ने भइ कथाको समापन भएको छ । यस्तै अर्को कथा **भाग्यको फल** कथामा सुकुम्बासी टोलको रमनको छाप्रोमा एउटा मयूर आउँछ । सबै टोलबासीहरू रमनको मयूर हेर्न आउँछन् । हेर्न आउने दर्शकलाई नाचेर आफ्ना प्वाँख बाडेर मयूरले रमनलाई खाने लाउने पैसा जम्मा गरेपछि एकदिन मयूर रमनको घरबाट निस्केर कथाको समापन भएको छ ।

**सतित्वको जित** कथामा सत्यवान् नामका राजकुमार २१ बर्ष ३१ दिन मात्र आयु लिएर उनका बाबाआमाको ठूलो तपस्या पछि जन्मिन्छन् । उनकी धर्मपत्नी सावित्रीले आफ्नो चतुऱ्याईका कारण यमराजलाई बचनमा हराएर आफ्नो पतिलाई मृत्युको मुखबाट फिर्ता ल्याएर कथाको सुखद् समापन भएको छ । यसैगरी, **सत्यको विजय** कथामा एकादेशका दुई दाजुभाइमध्ये दाइ बाठो भएर राम्रो राम्रो घरजग्गा आफुलाई राखेर भिर, पाखो पखेरो मात्र भाइलाई दिन्छ । भाइले त्यही पनि स्वीकार गरी खन्न जाँदा पहरामा भएको राक्षसले आफूलाई खान्छ भनेर बोक्नसक्ने असर्फी दिन्छ । त्यो असर्फी देखेर लोभिएको दाइले पुन सबै घरखेतबारी साटछ । पछि उसले असर्फी पनि पाउदैन आफ्नो सम्पत्ति पनि गुमाएर

कथाको समापन हुन्छ । **दाउरेकी बुद्धिमान छोरी** कथामा एकादेशमा राजाले आफू बुढो हुँदै गएका कारण छोराको बिहे गर्न खोज्छन् । छोराले आफ्नो प्रश्नको उत्तर दिनसक्ने बद्धिमान केटीसँगमात्र बिहे गर्ने कुरा गर्छन् र सोही अनूरूप आफ्नो दाउरा लिएर आएको दाउरे छोरीलाई आफ्नो प्रश्न पठाउँदा उनले सही उत्तर दिएपछि राजकुमार र दाउरेकी छोरी विवाह भइ दाउरेले पनि राज्यमा राम्रो पद पाइ कथाको समापन हुन्छ । यस्तै, **गाइजात्रा** कथामा एकजना राजको छोरा मेरेपछि राजारानी शोकमा हुन्छन् । राजाले त छिट्टै आफ्नो मन बुझाउनका लागि प्रत्येक घरका छोराछोरी मर्नेहरूले गाईलाई सिंगारेर मुलबाटोमा देखाउनु पर्ने नियम लगाएपछि मर्ने घरकाले गाई सिंगारे देखाउँछन र सबैका छोराछोरी मर्दारहेछन् भनेर रानीको मन बुझाएर कथाको समापन हुन्छ । यस्तै, **गोनु र बिरालो** कथामा एकादेशका लहडी राजाले अनौठा प्रश्न सभामा ल्याउँथे । एकदिन बिरामीलाई दूधले अमन पार्ने लाई उचित पुरस्कार घोषण गरे त्यही राज्यका चलाख किसान गोनुले बिरालो लगी तातो दूधमा बिरालाको मुख डुबाइ दिएर दरबारमा बिरालो ल्याएछन् र बिरालाले दूध देख्दा अर्को पट्टि फर्केछ । गोनुको चलाखीले राज्यबाट प्रशस्त इनाम र मुख्यमन्त्री पद पाएर कथाको सुखद् समापन भएको छ ।

निष्कर्षमा भन्नुपर्दा अध्याय चारमा कुश्मा क्षेत्रमा प्रचलित लोककथाको विभिन्न आधारगत र तत्त्वगत विश्लेषण गरिएको छ । कथा विश्लेषणका क्रममा ऐतिहासिक तथा सांस्कृतिक आदि वर्गीकरणका आधारलाईसमेत समावेश गरी प्रत्येक लोककथालाई उदाहरणको रूपमा प्रस्तुत गरिएको छ ।

अध्याय पाँच

# उपसंहार तथा निष्कर्ष

प्रस्तुत पर्वत कुश्मा क्षेत्रमा प्रचलित लोककथाहरूको अध्ययन शीर्षक अध्ययनपत्रको अन्तिम भाग उपसंहारमा अध्ययन एकदेखि चारसम्मको समग्र रूपलाई समेटिने गरी अध्यायगत साराशं प्रस्तुत भएको छ । यस अध्ययनबाट हासिल भएका राय सुझावका साथै कुश्मा क्षेत्रका लोककथाको विशिष्टता पहिचान गर्ने कार्य भएको छ ।

## ५.१ सारांश

साहित्यको अग्रज विधाका रूपमा कथालाई लिइएको छ । त्यसमा पनि लोककथालाई प्राचीन मौखिक आख्यान भनिन्छ । मानव सभ्यता र संस्कृतिको विकासक्रममा लोककथा मौखिक परम्पराबाट विकसित हुँदै लिखित रूपभन्दा पनि श्रुति परम्परा कायम रहेको कुरा पौराणिक तथा शैक्षिक सम्प्रदायहरूबाट पुष्टि हुन्छ । लोककथामा सुनाउने र सुन्नेको उपस्थिति अनिवार्य मानिन्छ । विशेष गरी अध्ययनपत्रमा सङ्कलित कुश्मा क्षेत्रमा प्रचलित लोककथाहरूमा पनि लोककथासँग सम्बन्धित विविध सन्दर्भहरूलाई समेटिएको छ ।

कुश्मा क्षेत्रमा प्रचलित लोककथाको अध्ययन शीर्षकको प्रस्तुत अध्यायपत्रलाई पाँच शीर्षक र विभिन्न उपशीर्षकमा विभाजन गरिएको छ । अध्ययनपत्रको अध्याय एकमा अध्ययन परिचय रहेको छ । जसमा विषय परिचय, अध्ययनपत्रको शीर्षक, अध्ययन कार्यको प्रयोजन, समस्या कथन, अध्ययनको उद्देश्य, पूर्व कार्यको विवरण, अध्ययनको औचित्य, अध्ययनको क्षेत्र र सीमा, अध्ययन विधि र परिच्छेद विभाजनलगायतका विभिन्न उपशीर्षक राखेर पहिलो अध्यायलाई पूर्ण गरिएको छ ।

यसैगरी, अध्ययनपत्रको अध्याय दुईमा लोकसाहित्य र लोककथाको सैद्धान्तिक परिचयलाई प्रस्तुत गरिएको छ । जुन पक्षसँग सम्बन्धित विभिन्न उपशीर्षक समावेश अध्ययनपत्रमा समावेश रहेका छन् । जसमा लोकसाहित्यको परिचय, लोकसाहित्यको परिभाषा, लोकसाहित्यका विशेषता र लोकसाहित्यका विधाको चर्चा गरिएको छ । लोकसाहित्यका विधा अन्तर्गत लोककथा पर्ने भएकाले लोककथाको परिचयसहित परिभाषा, मान्यता, तत्त्व, विशेषता, आधुनिक कथासँगको भिन्नता र वर्गीकरण जस्ता उपशीर्षकमा

चर्चा गरिएको छ । यो मात्रै होइन, नेपाली लोककथाको विकास प्रक्रिया र कुश्माक्षेत्रका लोककथाको पनि सामान्य चर्चा गरिएको छ । यस्तै, कुश्माक्षेत्रका लोककथाका विश्लेषणका आधार अन्तर्गत कथानक, पात्र, चरित्र, परिवेश, उद्‌देश्य र भाषाशैलीजस्ता तत्त्वगत आधारमा उल्लेख गरिएको छ ।

अध्याय तीनमा कुश्मा क्षेत्रमा प्रचलित लोककथाको सङ्कलन र वर्गीकरण गरिएको छ । यस अध्यायलाई अगाडि बढाउने क्रममा पहिला कुश्माको परिचय समावेश गरिएको छ । परिचय अन्तर्गत भौगोलिक, सांस्कृतिक, सामाजिक, आर्थिक, राजनैतिक र शैक्षिक स्थिति गरी विभिन्न उपशीर्षकका बारेमा चर्चा गरिएको छ । कुश्मा क्षेत्रको परिचय, त्यहाँको विभिन्न आर्थिक, भौगोलिक, राजनैतिक, शैक्षिक र साहित्यिक अवस्थाको चर्चाले भावी पुस्तालाई कुश्मा क्षेत्रका लोककथाको सङ्कलन, अध्ययन र वर्गीकरणका लागि टेवा पुग्ने देखिन्छ । यस्तै, अध्ययनसँग सम्बन्धित कुश्मा क्षेत्रको साहित्यिक अवस्थाका बारेमा सङ्क्षिप्त चिनारी गराउँदै कुश्माका लोककथा वर्गीकरणका विभिन्न आधारको चर्चा गरिएको छ । यसै परिच्छेदमा सङ्कलित लोककथालाई उदाहरणका रूपमा प्रस्तुत गरिएको छ ।

अध्ययनपत्रको अध्याय चारमा सङ्कलित लोककथाको लोककथाका तत्त्वका आधारमा अध्ययन तथा विश्लेषण गरिएको छ । यही अध्याय नै प्रस्तुत अध्ययनपत्रको मुख्य अध्यायसमेत रहेको हुनाले अध्ययनका क्रममा सङ्कलन गरिएका १२ वटा लोककथालाई छुट्टाछुट्टै अध्ययन गरिएको छ । उक्त लोककथाको तत्त्वगत आधारमा समेत अध्ययन गरिएको छ । जसअन्तर्गत लोकसन्दर्भ, कथावस्तु, चरित्र, परिवेश, भाषाशैली, उद्देश्य र निष्कर्ष गरी अध्ययन गरिएको छ । अध्ययनपत्रको अन्तिम अध्याय पाँचमा अध्ययनपत्रको सारांश र निष्कर्ष प्रस्तुत गरिएको छ । यसरी प्रस्तुत अध्ययन कार्यलाई पाँच अध्याय, विभिन्न उपशीर्षक र परिशिष्ट खण्ड गरी पूरा गरिएको छ ।

## ५.२ निष्कर्ष

नेपालको संविधान २०७२ बमोजिम राज्य पुन संरचनाबाट नेपालको प्रदेश नं. ४ अन्तर्गत पर्ने पर्वत कुश्मा क्षेत्रको आफ्नै किसिमको भौगोलिक पहिचान रहेको छ । कुश्मा क्षेत्र सहरीकरण, औद्योगीकरण लगायत बहुपक्षीय सम्भावनाको आकर्षण बढ्दै गएको देखिन्छ । प्राचीन कालदेखि नै यो क्षेत्र अहिले जनसङ्ख्या वृद्धि बसाइसराइ यातायातको विकास, शिक्षा, स्वास्थ्यलगायत विविध विकास निर्माणमा अघि बढेको छ । यस क्षेत्रमा

प्रचलित लोककथाहरूको अध्ययनका क्रममा लोककथाका पारखी बूढापाकाहरूसँगको भेटघाटमा प्राप्त जानकारी अनुसार पुस्तकाकार लिखित रूप नपाइए पनि मौखिक श्रुति परम्पराबाट कुश्मा क्षेत्र लोककथामा निकै प्रचलित भएको पाइन्छ । सामाजिक संस्कार र जनजीवन सम्बन्धी पेशा, वन जाँदा र सामाजिक संस्कारमा जम्मा हुँदा यी कथाहरू भन्ने गरेको पाइन्छ ।

यस्ता मौखिक श्रुति परम्परामा आधारित लोककथाहरू आजको आधुनिकीकरणको प्रभावले लोप हुन सक्ने सम्भावना पनि रहेको पाइन्छ । यस्ता मौखिक श्रुति परम्पराका कथाहरूलाई सङ्कलन गरी लिखित रूप दिन सकेमा मात्र जीवन्त बनाउन सकिने देखिन्छ । यसका लागि विभिन्न शिक्षण संस्थामा लोकसाहित्यको अध्ययन अध्यापन र प्रमाण-पत्र उपाधि लिनका लागि गरिने सोधकार्यबाट पनि यसको जगेर्ना हुने देखिन्छ ।

सङ्कलनका माध्यमबाट उपलब्ध लोककथाहरूले धार्मिक, सामाजिक र भाषिक पक्षमा समेत आफ्नै पहिचान राखेका छन् । विभिन्न उमेरका भावना सरल संरचनाको कार्य भाषामा पाइएकाले कथा सङ्कलनमा पनि मौलिक पहिचान नछुटोस् भन्ने सोच राखी जस्ताको तस्तै भाषामा उतार्ने जमर्को गरिएको छ । कथामा पाइने स्थानीयपन र भाषाको स्वरूपले भावी अनुसन्धानको मार्ग खुल्ने खपेक्षा गरिएको छ । अध्येता र अनुसन्धानकर्ताको यस कुश्मा क्षेत्रमा प्रचलित लोककथाका बारेमा चासो बढ्न सकेमा अझ बढी मात्रामा वास्तविकताको पहिचान भई स्थानीय तथा राष्ट्रिय संस्कृति संस्कारको पहिचानमा समेत टेवा पुग्ने छ । प्रस्तुत अध्ययनपत्रले निम्नानुसारका पक्षहरूलाई स्पष्टतासाथ स्थापित गर्ने कार्य गरेको छ ।

१. पुराना पुस्तामा लोककथा भन्ने र सुन्ने परम्परा रहे पनि नयाँ पुस्तामा यो परम्परा विस्तारै कम हुँदै गएकोले यस क्षेत्रका लोककथा लोप हुने स्थितिमा पुगेका छन् ।
२. कुश्मा क्षेत्रका ५० वर्षभन्दा माथि करिब ९० वर्षसम्मका वृद्धवृद्धासँग गएर उनीहरूलाई पुरानो कथा भन्न लगाउने र सङ्कलकले ती कथा लेख्ने प्रक्रियाद्वारा यस क्षेत्रका लोककथाहरूको सङ्कलन गर्न सकिन्छ । ती सङ्कलित लोककथाहरूलाई उपदेशात्मक ऐतिहासिक सांस्कृतिक मानवीय स्वभाव र प्रवृत्ति पशुपंक्षी आदि विषयवस्तुका आधारमा वर्गीकरण गर्न सकिन्छ ।

३. मौखिक परम्परा सङ्क्षिप्ततािभत्र पनि विषयवस्तुगत विविधतालाई समेटेर श्रोताका मनमा गहिरो प्रभाव पार्नु सामाजिक व्यवहारमा उपयोगी हुने उपदेश र मनोरञ्जन दिनु आदि नै कुश्मा क्षेत्रका लोककथामा पाइने विशिष्टता हो ।

यस अध्ययनपत्रमा सङ्कलित लोककथाहरूले पनि भौगोलिक र सामाजिक स्वरूप ग्रहण गरेको पाइन्छ । समाजमा मनोरञ्जन प्राप्त गर्नुका साथै विविध उद्देश्य बोकेका लोककथाले मानव समाजको प्रतिबिम्ब झल्काउँछन् । लोककथालाई संरक्षण गर्ने विषयमा सम्बन्धित सरोकारवाला निकायहरूको निरन्तर सक्रियता आवश्यक छ ।

# सन्दर्भ सूची


अज्ञात, कपिल (२०६७), **नेपाली लोक साहित्य प्रवृत्ति र अन्वेषण**, काठमाडौं : शब्दार्थ प्रकाशन

न्यौपाने, कुसुमाकर (२०७०) **नेपाली लोक गीत**, पोखरा : फिस्टेल पब्लिकेशन

उपाध्याय, कृष्णदेव (१९९८), **लोकसाहित्यकी भूमिका**, इहलावाद : साहित्य भवन लिमिटेड ।

खत्री, इन्द्रमान (२०६९), **नमूना स्मारिका**, पर्वत : नमूना आवासीय माध्यमिक विद्यालय ।

गौतम, असफल (२०७२), *'लोक साहित्य र सेतीको लहर लोक कथाको अध्ययन'*, **यात्रा** (वर्ष/अङ्क ६) पृ.३०२-३०७ ।

जिज्ञासु, सरस्वती शर्मा (२०६४), **नवमाधुरी (अङ्क १५/२५),** पर्वत : माधुरी साहित्य प्रतिष्ठान ।

थापा, धर्मराज र हंसपुरे सुवेदी (२०४१), **नेपाली साहित्यको विवेचना,** काठमाडौं : पाठ्यक्रम विकास केन्द्र ।

दिवस, तुलसी (२०३२), **नेपाली लोककथा**, काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

पराजुली, मोतीलाल (२०५५), **नेपाली साहित्यको ऐतिहासिक रूपरेखा,** काठमाडौं : सृष्टि प्रकाशन ।

पराजुली, कृष्णप्रसाद (२०४५), **नेपाली साहित्यको परिक्रमा,** काठमाडौं : नेपाली विद्या प्रकाशन ।

...................... (२०३९), **नेपाली लोकगीत,** काठमाडौं : वीणा रत्न पुस्तक भण्डार ।

......................... (२०५७), **नेपाली लोकगीतको आलोक,** काठमाडौं : वीणा प्रकाशन ।

पोखरेल, बालकृष्ण र अन्य (२०५२), **नेपाली बृहत् शब्दकोश,** काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

पौडेल, डोल्माकुमारी (२०७१), **बाग्लुङको धुल्लु क्षेत्रमा प्रचलित लोककथाको सङ्कलन, वर्गीकरण र विश्लेषण,** अप्रकाशित स्नातकोत्तर तह शोधपत्र पृथ्वीनारायण क्याम्पस ।

बन्धु, चूडामणि (२०६०) **नेपाली साहित्यको इतिहास** काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

....................... (२०७१) **नेपाली लोकसाहित्य** ते.सं. काठमाडौं : एकता बुक्स ।

बास्तोला, गोविन्दराज (२०७१) **हेमजा गा.वि.स.मा प्रचलित गन्धर्व गीतहरूको अध्ययन,** अप्रकाशित स्नातकोत्तर तह शोधपत्र पृथ्वीनारायण क्याम्पस

शर्मा, मोहनराज र लुइटेल खगेन्द्रप्रसाद (२०६३), **लोकवार्ता विज्ञान र लोकसाहित्य**, काठमाडौं : पुस्तक भण्डार काठमाडौं ।

श्रेष्ठ, आनन्द (२०६५), **शुक्ला प्रवाह,** तनहुँ : शुक्ला साहित्य समिति ।

श्रेष्ठ, दयाराम र मोहनराज शर्मा (२०४०), **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास,** काठमाडौ : साझा प्रकाशन ।

श्रेष्ठ, दयाराम (२०३९) **पच्चिस वर्षका नेपाली कथा,** काठमाडौं : नेपाल राजकिय प्रज्ञा प्रतिष्ठान ।

परिशिष्ट खण्ड

# कुश्मा क्षेत्रमा प्रचलित लोककथा

**१ किसानको धैर्य**



*(स्रोत : शान्तिनारायण श्रेष्ठ, वर्ष ८०, कुश्मा न.पा. ४)*

एकादेशमा एउटा किसान थियो । उसले एउटा गधा पालेको थियो । एक दिन उसले गधा बेच्ने र त्यसबाट आएको पैसाले अरू जग्गा किन्ने सोच बनायो, बजार निकै टाढा थियो । यति टाढा गधालाई हिँडाउँदा थाक्न सक्थ्यो । थाकेको गधा फुर्तिलो हुँदैन र राम्रो मूल्यमा बेच्न सकिँदैन भनेर उसले गधालाई ठेलामा राखेर ठेल्न थाल्यो । उसले आफ्नो कान्छो छोरालाई पनि बजार लग्यो । बाटोमा किसानको चाला देखेर मान्छेहरू छक्क परे । एक जनाले किसानले सुन्ने गरी भनिहाल्यो, "कस्तो अचम्म ! आफैं गधामाथि चढेर हिँड्नुको सट्टा गधालाई ठेलामा राखेर पो ठेल्छ ।" त्यस मान्छेका कुराले किसानलाई लाज लाग्यो । उसले हत्तपत्त ठेलालाई बाटैमा राखेर आफू गधामाथि चढ्यो । उसको छोराचाहिँ पछिपछि हिँड्न थाल्यो । बाटामा एक हुल आइमाइहरू भेटिए उनीहरूले भने "हेरहेर कस्तो स्वाँठ मान्छे रहेछ । ठूलो मान्छे गधामा चढेर विचरा ! सानो छोरालाई पछिपछि हिडाउँछ ।"

आइमाइका कुराले किसानलाई फेरि लाज मर्नु भएछ । ऊ गधाबाट ओर्लिएर छोरालाई गधामाथि चढायो । ऊ गधाको पछि-पछि हिँड्न थाल्यो । उनीहरू केही पर मात्र पुग्दा एक हुल बटुवा भेटिए । तिनीहरूमध्ये एक जनाले भनेछ, "कस्तो लाजमर्दो कुरा बूढो बाबुचाहिँ हिँडेर छोरा गभामाथि !" यो सुनेपछि किसानले सबैको मुख टाल्नका लागि किसान पनि छोरासँगै गधामाथि चढ्यो । गधा बाबुछोरालाई बोकेर सकिनसकी हिँडेको देख्नेबित्तिकै एउटा दयालु बटुवाले भन्यो, "कस्तो धर्म नभएको मान्छे ! यति सानो गधामाथि दुई-दुई जना ! विचरा, निर्धो पशुमाथि अलिकति त दया गर्नुपर्छ नि !"

मान्छेको मुख टाल्ने प्रयास गर्दा-गर्दा किसानको धैर्य हरायो । ऊ एका-एक चिच्यायो, कसलाई के मतलब ? मलाई जे मन लाग्छ त्यही गर्छु ।

## २. जसको भैँसी त्यसको लट्ठी

*(स्रोत : यज्ञदत्त उपाध्याय, वर्ष : ७७, कुश्मा न.पा.१०)*



कुनै एक गाउँमा राजमान नाम गरेको मान्छे थियो । ऊ धेरै परिश्रमी थियो । उसको खेत थोरै भए पनि आफ्नो परिश्रमले ऊ प्रशस्तै सागसब्जी उब्जाउँथ्यो र बजारमा लगेर बेच्थ्यो । यसबाट उसको गुजारा चलाइकन केही पैसा बचाएको पनि थियो । एक दिन राजमानले एउटा भैँसी किन्ने विचार गऱ्यो । ऊ आफूसँग भएको पैसा लिएर अर्को गाउँमा गई एउटा राम्रो भैँसी किन्यो ।

राजमान भैँसी लिएर फर्कँदै थियो । बाटो सुनसान थियो । यत्तिकैमा एउटा अनौठो मान्छे देखा पऱ्यो । त्यसले लामो लट्ठी बोकेको रहेछ । त्यस मान्छेले राजमानको बाटो छेक्यो । राजमान छक्क पऱ्यो र सोध्यो, “किन बाटो छेकेको ? मलाई जान देऊ ।” त्यस मान्छेले उल्टै हप्कायो, “त्यो भैँसीको दाम्लो मेरो हातमा दे । नत्र यही लट्ठीले तेरो टाउको फोडिदिन्छु ।” राजमानले बल्ल लुटाहाको फेला परिएछ भन्ने थाहा पायो । उसलाई डर पनि लाग्यो । उसले अब कसरी उम्कने भनेर सोच्यो, त्यस ठगलाई भन्यो, “ठीक छ भाइ ! तर मेरो एउटा बानी छ । म कहिल्यै रित्तो हात घर फर्कन्नँ त्यसैले मलाई तिम्रो लट्ठी देऊ । म त्यो लट्ठी लिएर घर फर्कन्छु ।” लुटी हाले भैँसी पाएपछि आफ्नो लट्ठी राजमानलाई दियो र भैँसीको दाम्लो समातेर हिँड्न थाल्यो । राजमान पनि के कम ! उसले तुरुन्त त्यस ठगको बाटो छेक्यो र भन्यो, “त्यो भैँसीको दाम्लो मेरो हातमा दे । नत्र तेरो टाउको फुटाउँछु ।” लुटाहाले जुन लट्ठीको बलले भैँसी लुटेको थियो, त्यही लट्ठी उसँग थिएन । तब त्यसले के गरोस् । लुत्रुक्क परेर दाम्लो दियो र मेरो लट्ठी फिर्ता देऊ भनेर माग्यो । भैँसीको दाम्लो आफ्नै हातमा परेपछि राजमान गर्जियो, कुन लट्ठी, कस्तो लट्ठी, जसको लट्ठी त्यसको भैँसी भन्ने तँलाई थाहा छैन । चुपचाप आफ्नो बाटो तता, नत्र....। मूर्ख लुटाहा हेरेको हेरै भयो ।

## ३ काग र कोइली



*(स्रोत : देवी पौडेल, वर्ष : ५५, कुश्मा न.पा.१२)*

कुनै जङ्गलमा एउटा काग बस्थ्यो । त्यसै जङ्गलमा एउटा कोइली पनि बस्थ्यो । काग र कोइली दुवै काला थिए । हेर्दा खेरी काग र कोइलीमा कुनै फरक थिएन । यी दुवैमा राम्रो मित्रता थियो । एकदिन काग र कोइली सँगसँगै अर्को जङ्गल घुम्न जाने भनेर उडेछन् । काग र कोइली पर्वतको छमर्केको वनमा पुगेछन् । त्यहाँ दुवैको भेट स्याल काकासँग भएछ । स्यालले काग र कोइलीसँग भनेछन्, “आज रात पऱ्यो तिमीहरू मेरो घरमा बास बस ।” काग र कोइली त्यही बास बसे । साँझमा स्याल काका कहाँ निकै रमाइलो थियो । स्याल काकाकाकीका दाजुभाइ, साथी र छिमेकी त्यही भेला भएछन् । स्यालका बीचमा दुईवटा काला-काला पंक्षी काग र कोइली टुक्रुक्क बसेका थिए । ती स्यालहरूले ती दुई पंक्षीलाई टुलुटुलु हेरिरहेका थिए । त्यस जमघटमा सबैले एउटा-एउटा कला देखाउनुपर्ने भयो । स्याल काकाकाकी नाच्न थाले । अरूले ताली बजाए । वातावरण निकै रमाइलो थियो । स्यालहरू पछि काग र कोइलीको पालो आयो । कागलाई गीत गाउन भनियो । कागले गीत गाएको सुनेर सबै स्यालहरूले कान थुने । स्यालले काग भाइ तिम्रो भयो अब कोइलीको पालो भने । कागलाई गीत गाउन नदिँदा कागलाई रिस उठ्यो । कोइलीले मिठो स्वरमा गीत गाउन थाल्यो । कोइलीको मीठो गीत सुनेर अरू स्याल लट्ठ परे । कोइलीलाई पुरस्कार पनि दिए । सबै स्यालहरूले कोइलीको प्रशंसा गरे । कागलाई कसैले वास्ता गरेनन् । कागलाई झन् रिस उठ्यो । ऊ कोइलीसँग छुट्टिएर आफ्नो बाटो लाग्यो । कोइलीको सुरिलो स्वर र मीठो बोलीले गर्दा सबैले मन पराए । कागको नमीठो स्वर र वचनले गर्दा उसलाई कसैले मन पराएनन् । रूप जस्तो भए पनि बोली वचनले मीठो हुँदा सबैको प्रिय भइँदो रहेछ ।

## ४ सञ्जन र सुगा



*(स्रोत : यामप्रसाद शर्मा, वर्ष : ५०, कुश्मा न.पा. ४)*

कुनै गाउँमा एक सज्जन व्यक्ति बस्थे रे । उनलाई आफ्नो गाउँ वरपरका गाउँमा घुमफिर गर्न र त्यहाँको चालचलन रितिरिवाज बुझ्न मन पर्‍यो रे । यसरी गाउँ डुल्ने क्रममा ती सज्जन व्यक्ति एकदिन एउटा गाउँमा पुगेछन् । त्यस गाउँको एउटा घरमा पुगेछन् । त्यहाँ पुग्दा नपुग्दै त्यस घरमा भएको सुगाले भनेछ-गाउँलेहरू हो गाउँमा नयाँ मान्छे आएको छ, त्यसलाई लुटौँ-लुटौँ ।" त्यस पछि सज्जन व्यक्ति त्यहाँबाट भागेर त्यस गाउँभन्दा पारिपट्टिको गाउँमा पुगेछन् । त्यस गाउँको एउटा घरमा पुग्ने बित्तिकै पहिलेको गाउँको घरमा जस्तै एक सुगा राखिएको रहेछ । सज्जन व्यक्तिलाई देख्ने बित्तिकै त्यस सुगाले भनेछ, "महासय कति टाढादेखि आउनुभयो ? बस्नुहोस्, चिसो पानी पिउनुहुन्छ कि तातो?" सज्जन व्यक्ति सुगाको व्यवहार देखेर छक्क परेछन् । उनले एउटै प्रजातीको सुगामा पनि किन यस्तो फरक भनी अचम्मित भएछन् । त्यसपछि त्यस घरका मालिकलाई आफ्ना सबै कुरा सुनाएछन् र त्यस घरको साधुले भनेछन्, "यो सुगा एउटै प्रजातीको मात्र नभइकन एउटै आमा सुगाले पाएका जुम्ल्याहा सुगा हुन् । एउटालाई हाम्रो गाउँमा हामीले राख्यौँ । अर्कोलाई पारी डाँकुहरूको गाउँमा उनीहरूले पाले । हामीले पालेको सुगालाई हामीले जस्तो वातावरण दिए त्यस्तै सिक्यो । डाँकुहरूले पालेको सुगालाई उनीहरूले जस्तो वातावरण दिए त्यस्तै सिक्यो । यो वातावरण, रितिरिवाज र संस्कृतिको असर हो ।" त्यसपछि ती सज्जन व्यक्तिले वातावरणले ल्याउने फरकपन बुझेर आफ्नो गाउँ फर्केछन् ।


## ५ मान्छेको आयु



*(स्रोत : सरस्वती शर्मा, वर्ष : ५२, कुश्मा न.पा.५)*

सृष्टिकर्ता ब्रह्माजीले सृष्टिका क्रममा प्राणीहरूको आयु निर्धारण गर्छन् । मान्छे, गोरु, गधा, लाटोकोसेरोको चालीस वर्षको आयु तोकिन्छ । मान्छे आफूले पाएको चालीस वर्ष आयुसँग असन्तुष्ट भई आयु थपिदिन ब्रह्माजीसँग गुनासो गर्छन् । गोरु, लाटोकोसेरो र गधाले भने आफूहरूले पाएको चालीस वर्षे आयु धेरै भएर आधा घटाइदिन ब्रह्माजीसँग गुनासो गर्छन् । सबैको गुनासो सुनेका ब्रह्माजीले उनीहरूलाई बोलाएर चित्त बुझाइदिन चाहेका छन् । सबैजना ब्रह्माजीका अगाडि हाजिर हुन्छन् । गोरु, गधा र लाटोकोसेरोको बीसबीस वर्ष आयु घटाएर साठी वर्ष आयु मानिसलाई थप गरेका छन् । आफ्नो चालीस वर्षे आयुमा साठी वर्ष थपेर मान्छे खुसी हुन्छ । ब्रह्माजीले इच्छा पूरा गराइदिएका ती प्राणीहरू आफ्नो बाटो लाग्छन् । त्यस वेलादेखि मानिसको आयु सय वर्ष भएको छ । चालीस वर्ष पार गरेपछि पशुपंक्षीको आयु लिएर मानिसले वृद्धावस्थाको कष्टमा जीवन प्रवेश गर्नुपर्ने अवस्था आउने गरेको छ ।

## ६ डेढ अक्कल



*(स्रोत : देवीप्रसाद पोखरेल, वर्ष : ६२, कुश्मा न.पा.८)*

कुनै गाउँमा एउटा किसान रहेछ । उसको घरमा लैनो भैँसी पनि रहेछ । त्यो लैनो भैँसीले एकदिनमा एक पाथी दूध दिँदो रहेछ । त्यस किसानको घरमा छोराको छोरो जन्मेछ । छोराको छोरो वा नाति जन्मेकोमा किसानले एघारौँ दिनमा भतेर लगाउने निर्णय गरेछ । भतेरमा खीर खुवाउने सल्लाह परिवारसँग गरेछ । त्यस दिनको भोजमा पन्ध्र पाथी दूध चाहिने भएछ । आफ्नो भैँसीले एक पाथी मात्र दूध लिने भएकाले अरू दूध किनेर ल्याउनुपर्ने भएछ । किसानले मनमनै विचार गरेछ कि बाहिरबाट दूध ल्याउनुभन्दा त आफ्नै घरको भैँसी नै पन्ध्र दिनसम्म नदुहेर कचौडामा पन्ध्र पाथी दूध सँगालेर भोजभतेर बनाउन सजिलो होला कि भनेर भोलिपल्टदेखि भोजभतेरलाई दूध सँगाल्न भनेर उसले भैँसी दुहुन छाडेछ । दुईचार दिनसम्म दूध नदुहुदा कचौडामा दूध भरिएर भैँसी कराएर छटपटाउँदा पनि उसले दूध दुहेनछ । आखिर चार पाँच दिनसम्म नदुहेपछि कचौडाको दूध दिनदिनै सुक्तै जान थालेछ । पन्ध्र दिनपछि भोज भतेरको दिन ठूलो भाँडो लिएर भैँसी दुहुन जान्छ त भैँसीको कचौडामा दूध सुकिसकेकोले थोरै पनि दूध आएनछ । किसान जिल्ल परेछ, एकातिर भोजभतेरलाई दूध किनेर ल्याउनुपर्ने भएछ भने अर्कोतिर लैनो भैँसी थाकेछ । अक्कलले गरेको काम सफल र डेढ अक्कलले गरेको काम विफल हुँदो रहेछ ।

## ७ भाग्यको फल



**(स्रोतः इन्द्रकुमार जोशी, वर्ष : ५८, कुश्मा न.पा.५)**

सुकुम्बासी टोलमा एकाबिहानै अचानक एउटा सुन्दर मयूर आएर रमनको छाप्रोमा घुस्यो । रमनले मयूरलाई बाहिर धपाउन खोज्यो तर मयूर टसमस चलेन । एककान, दुइकान, मैदान भयो । वरपरका सबै आएर हेर्न थाले । रमनले आफ्नो छाप्रो अगाडि राखेर सबैलाई हेर्ने अवसर दियो । हेर्दाहेर्दा रात पऱ्यो । रमनले केही गेडागुडी, अन्न उसलाई दियो, उसले खाएन् । उसको नजिकै ओछ्यानमा टुसुक्क बसेर रात बितायो । बिहान सबेरै रमनले मयूरको लागि बासका भाटाले बारेर खोर जस्तो बनायो र त्यसभित्र उसलाई राख्यो । वरपरबाट हेर्न आएका दर्शकलाई मयूरले पङ्ख फिजाएर नाच्दै आफ्नो केही प्वाखहरू भुइँमा झारिदियो । सबै हेर्न आउने मानिसले प्वाँख लैजान खोजे । जसको हातमा पैसा छ, उसलाई मयूरले आफ्नो चुच्चाले प्वाँख टिपेर दिन्थ्यो । हेर्न आउने सबैले नोट देखाएर राख्थे, उसले नोट टिप्दै प्वाँख दिन्थ्यो । दिनभरमा जम्मा भएको पैसाले रमन आत्तियो । वरपरका बूढापाकाले “तेरा सुखका दिन आए, पैसा जतन गर” भने । भोलि पर्सिपल्ट गर्दै रमनसँग लाखौं रूपैया जम्मा भयो । त्यो पैसाले घर बनाउने, बिहे गर्ने र मयूरलाई राम्रो बस्ने ठाउँ बनाउने योजना बनायो । एक रात सपनामा रमनले मयूरको आवाज मान्छे बोले झैँ सुन्यो, उसले भन्दै थियो, “रमन अब तिम्रो लागि खान, बस्न र लगाउन पुग्ने पैसा जम्मा भयो म गएँ” भन्दै भुर्र उड्यो । रमन बिउझियो, आँखा मिच्यो । यताउता हेऱ्यो छेऊमा मयूर थिएन । भोलिपल्ट हेर्न आउनेहरू पनि छक्क परे । “भाग्यको खेल” सम्झे ।

## ८ सतित्वको जित



**(स्रोत : रामप्रसाद पौडेल, वर्ष ५८, कुश्मा न.पा.१०)**

एकादेशमा सत्यवान् नामका राजकुमार थिए । सत्यवान्लाई उनका बाबाआमाले अत्यन्तै ठूलो तपस्यापछि उनलाई जन्माएका थिए । सत्यवान्को आयु जम्मा २१ वर्ष २१ दिनको थियो । उनको बिहे राजकुमारीसँग भयो । त्यसै वेलामा उनको राज्यमा शत्रुको आक्रमण भयो । राजाका दुवै आँखा गुमे । राज्य पनि हातबाट गुम्यो । त्यसपछि उनीहरूले धेरै दुःख पाए । जङ्गलमा डुल्ने, कन्दमुल खाने गरेर आफ्नो गुजारा चलाउन थाले । यसै गर्दा २१ वर्ष २० दिन बितेछन् । अव एकदिन पछि सत्यवान् मर्दै छन् भन्ने कुरा उनकी पत्नी सावित्रीलाई थाहा थियो । सावित्रीले त्यस दिनमा आफ्ना श्रीमान्लाई एकछिन पनि नछाडेर पछि-पछि लागिछन् । सँगै हिँड्दा-हिँड्दै सत्यवान् सावित्रीको काखमा मुर्छा परेछन् । त्यसैवेला यमराज सत्यवान्लाई लिन आएका रहेछन् । यमराजले मुर्छित सत्यवान्लाई काखमा लिएर हिँडेछन् । श्रीमती पनि उनका पछिपछि हिँडिछिन् । यमराजले सोधेछन् तिमी किन मेरो पछि-पछि आएकी जाऊ फर्क भनेछन् । तर सावित्री पछि लागिरहिछिन् । यमराजले सबै कुरा थाहा हुँदाहुँदै किन पछि लागेकी तिमीलाई देखेर मलाई दया लाग्यो तिमीलाई के आवश्यक छ माग भनेछन् । सावित्रीले मेरा अन्धा ससुराका आँखा खुलून भनेपछि यमराजले तथास्तू भनेछन् । सावित्री फेरि पछिपछि लागिछिन् । यमराजले अब के चाहियो किन पछि आएकी भनेछन् । सावित्रीले मेरा माइतीमा छोराछारी जन्मिउन । यमराजले तथास्तु भनेछन् । त्यसपछि पनि सावित्री यमराजका पछिपछि हिँडिछन् । फेरि यमराजले के चाहियो भनेछन् । त्यसपछि सावित्रीले मलाई अन्तीम वरदान दिनुहोस भनिछन् । यमराजले छिटोछिटो माग भनेछन् । सावित्रीले मेरो सतित्वमा रहेर छोरा जन्मियोस् र मेरो राज्य फिर्ता होस् भनिछन् । यमराजले हतार-हतार तथास्तु भनेछन् । पछि सोच विचार गर्दा त उनलाई उनको श्रीमान् फिर्ता गर्नु परेछ । त्यसपछि यमराजले सावित्रीलाई म हारे तिमी जित्यौ भनेर मरेको श्रीमान्लाई बिउताइदिएछन् । त्यसपछि राज्य पनि फिर्ता पाएर सत्यवान्को परिवार सुख सयल साथ बाँचेछन् ।

## ९ सत्यको विजय



*(स्रोत : हरिनारायण उपाध्याय, वर्ष : ५५, कुश्मा न.पा. ४)*

एकादेशमा दुई दाजुभाइ बस्थे । उनीहरूका बाबाआमा बितिसकेका थिए । दुई दाजुभाइमध्ये दाजु निकै बाठो र भाइ सोझो थियो । यस्तैमा उनीहरूको अंशबन्डा भएछ । अंश लगाउँदा दाजुले आफूलाई राम्रो र मीठो खेतबारी राखेछ । भाइलाई भीर, पहिरो भएको बारी पारेछ । भाइले दाइले दिएको त्यही पनि स्वीकार गरेछ र पहिरो बिराउन गएछ । उसकी श्रीमती तीन वटा रोटी उसलाई खाजा लिएर गइछन् । उसले खाजा खाने वेलामा भनेछ, एउटा खाम, दुईवटा खाम, एकै चोटी तीन वटै खाम भनेछ । उसले भनेको पहराभित्र एक राक्षस, राक्षसनी र उसको बच्चा तीन जना बस्दा रहेछन् । उनीहरूले रोटी खामभन्दा आफूलाई नै खान्छ भन्ने बुझेछन् र राक्षसनी निस्केर भनेछ, हामीलाई नखाऊ । हामीसँग प्रशस्त सुनका असर्फी छन् । चाहिए जति लैजाऊ । त्यसपछि बूढाबूढीले हुन्छ भनेर बोक्न सकेजति असर्फी लिएर आएछन् । बेलुकी दाइ कहाँ पाथी माग्न गएछन् । दाइले के गर्ने पाथी हो भनेर चाल बुझ्न आएछ । उनीहरूले पाथीमा असर्फी भरेको देखेर कहाँबाट ल्यायौ भनेर सोधेछ । भाइले पहिरो बिराउँदा बारीमा भेट्टाएको भनेछ । त्यसपछि लोभी दाइले आफ्नो भाग भाइसँग साटौँ भनेछ । भाइले मानेछ र दाइको राम्रो जग्गा लिएछ । भोलिपल्टदेखि दाइ बारीमा जाँदै पहिरो खन्दै गरेछ तर उसले केही पनि भेट्टाएनछ । राक्षसका जहान बसाइँ सरिसकेका थिए । भाइ मार्न खोज्ने दाइ हेरेको हेरै भएछ । सज्जन भाइसँग असर्फी पनि भएछ र राम्रो खेत पनि पाएर सुखसयलसँग बसेछ ।

## १० दाउरेकी बुद्धिमती छोरी



*(स्रोत : राजेन्द्र पहाडी, वर्ष : ५०, कुश्मा न.पा.४)*

एकादेशमा एकजना राजाले शासन चलाउँथे । दिन बित्दै जाँदा राजा बूढो र कमजोर हुँदै गइरहेका थिए । उनका एकमात्र छोरा थिए । राजाले आफू मर्नुअघि धुमधामले छोराको बिहे गर्न चाहन्थे । एकदिन राजकुमारलाई वोलाएर उनले आफ्नो मनको इच्छा राखे । राजकुमार असाध्यै चलाख र बुद्धिमान् थिए । उनको बुद्धिलाई सबैले तारिफ गर्थे । उनका तार्किक र मार्मिक कुराले सबै छक्क पर्दथे । राजाको कुरा सुनेर राजकुमारले सहमति जनाउँदै भने-बुबा, म विवाह गर्न तयार छु । मसँग बिहे गर्ने केटी म जस्तै बुद्धिमानी र चलाख होस् । यसका लागि मसँग बिहे गर्ने केटी जो भए पनि मैले सोधेका प्रश्नको सही अर्थ दिनुपर्छ । राजकुमारको सबै सर्तलाई मञ्जुर गर्दै राजाले सभा बोलाए सबैतिर बुद्धिमानी केटी खोजेको कुरा फैलाए । यो कुरा थाहा पाएपछि दरबारमा थुप्रै केटीहरूको लाइन लागे तर कसैले पनि राजकुमारका कुराको सही अर्थ दिन सकेनन् ।

एकदिनको कुरा हो, एउटा दाउरे दाउराको भारी बोकेर दरबारमा छिऱ्यो । उसले राजकुमारको कुरा थाहा पायो र सकिनसकी डराउँदै भन्यो- सरकार मेरी छोरी पनि निकै बुद्धिमानी छे... तर । राजकुमारले कुरा बुझे र भने, म तिम्रो छोरीलाई एउटा सन्देश पठाउनेछु हेरौँ कस्तो अर्थ लगाउँछिन् । दाउरे खुसी भएर घर गयो र छोरीलाई सबै कुरा बतायो । भोलिपल्ट राजकुमारले एउटा दूतलाई बाह्र वटा रोटी, पनिरको एउटा गोलो टुक्रा र बाख्राका छालाका दुईवटा झोलामा राम्रो रक्सीसहित एउटा कागज दिई पठाए । दाउरेकी छोरीले उपहार हेरी र सन्देश पढी जसमा लेखिएको थियो- वर्षमा बाह्रै महिना, आकाशमा पूर्णमासको चन्द्रमा र बाख्राको पेट टनाटन् भरिएको छ । सन्देश पढेर केटीले मुस्कुराउँदै भनि अहिले तिमी सुत भोलि जाने वेलामा म तिमीलाई यसको प्रतिउत्तर दिनेछु । भोलिपल्ट उसले आफ्नो सन्देश दूतलाई थमाई, जसमा लेखेकी थिई- 'हजुर वर्षमा एघार महिना छन्, चन्द्रमा पूर्णमासको होइन् अष्टमीको छ र बाख्राहरू भोकले अद्यमरो भएका छन् । जसका पेट लगभग टाँसिएका छन् ।'

त्यसपछि दूतलाई भनिन्, तिमीले यो राजकुमारलाई दिँदा उनी रिसाउँदै तिमीलाई पिट्न आउनेछन् । तिमीले त्यतिवेला सेतो परेवा पाउनका लागि कालो कागलाई नमार्नू

भन्नु शान्त हुनेछन् । दूत दरबार गयो र राजकुमारलाई प्रतिउत्तर दियो । नभन्दै राजकुमार उसलाई पिट्न आए उसले सेतो परेवा पाउनका लागि कालो कागलाई नमार्नू भन्दै रोएपछि उनले छाडिदिए । राजकुमारले उपहारमा वर्षमा बाह्र महिना अर्थात् बाह्रवटा रोटी, पूर्णमासको चन्द्रमा अर्थात् पनिरको गोलो टुक्रा र दुईवटा हट्टा-कट्टा बाखाहरू, जसको पेट पुरै भरिएको छ अर्थात् रक्सीले भरिएका झोलाहरू । दूतले बाटोमा गडबड गरेछ । त्यसले एउटा रोटी, आधा पनिर र दुवै झोलाका रक्सी खाइदिएछ अनि झोलामा अलिकति मात्रै रक्सी राखिदिएछ । त्यसको उत्तरमा दाउरेकी छोरीले लेखेकी रहिछिन्- वर्षमा एघार महिना हुन्छन् अर्थात् एउटा रोटी कम छ । चन्द्रमा पूर्णमासको होइन अष्टमीको हो अर्थात् पनिर आधामात्र छ । बाखा हट्टा-कट्टा होइनन् भोकै छन् अर्थात् झोलाहरूबाट रक्सी पिइएको छ ।

दाउरेकी छोरीको बुद्धि देखेर राजकुमार निकै खुसी भए र दाउरेकी छोरीसँग विवाह गरे । राम्री र बुद्धिमानी बुहारी पाएकोमा राजा पनि खुसी भए र सम्धी दाउरेलाई एउटा राम्रो पद दिए ।

## ११ गाईजात्रा



*(स्रोत : इन्द्रमान खत्री, वर्ष : ५२, कुश्मा न.पा. ४)*

परापूर्वकालमा एकजना राजाको छोरो मरेपछि राजारानीलाई ठूलो शोक परेछन् । राजाले त सबैले सम्झाउँदा सम्झाउँदै चित्त बुझाएछन् । रानीलाई जति सम्झए पनि पटक्कै शोक गर्न छाडिनछन् । अब कसरी रानीको चित्त बुझाउने होला भनेर राजालाई मनमा चिन्तामाथि, चिन्ता थपिएछ । जे भए पनि रानीको चित्त बुझाउन केही न केही उपाय त गर्नैपर्ने भएछ । सबैका छोराछोरी मर्छन् भनेर देखाउन राजाले प्रत्येक घरका छोराछोरी मर्नेले गाईलाई सिँगारेर मूलबाटोमा देखाउनुपर्ने नियम लगाइदिएछन् । राजाको हुकुम अनुसार सारा शहरमा जतिका छोराछोरी मर्छन ती सबैले गाईलाई सिँगारेर मूलबाटोमा निकाल्न थालेछन् । राजाले रानीलाई मूलबाटो तिर देखाउँदै हाम्रो छोरामात्र मरेको होइन सबैका छोराछोरी मर्दा रहेछन् भनेर चित्त बुझउने प्रयास गरेछन् । दिन बित्दै जाँदा सबैका घरमा छोराछोरी मर्दा रहेछन् भनेर रानीले पनि चित्त बुझाउँदै गईछन् । त्यही परम्परा चलनअनुसार अहिलो काठमाडौं तिर गाईजात्रा निकाल्ने ऐतिहासिक तथा साँस्कृतिक परम्परा रही आएको छ ।

## १२ गोनु र बिरालो

*(स्रोत : शान्तिनारायण श्रेष्ठ, वर्ष ८०, कुश्मा न.पा. ४)*



एकादेशमा एक जना लहडी राजा थिए । उनले सभामा अनौठा-अनौठा प्रश्नहरू राख्थे र त्यसका उत्तर माग्थे । एक दिन सभा चलिरहेको थियो । उनले त्यति नै वेला एउटा बिरालो देखेछन् । बिरालो देख्ने बित्तिकै उनले भनेछन् यस बिरालोलाई जसले दूध खुवाएर अमन पार्न सक्छ त्यसलाई प्रशस्तै इनाम दिइने छ । फेरि सक्छु भनेर नसके देश निकाला गरिनेछ । यो कुरा त्यसै राज्यका सामान्य किसान गोनु थिए । उनी निकै चतुर थिए । उनको चतुऱ्याईं देखेर त्यसै राज्यका मुख्यमन्त्री बिज्यु शाह आफ्नो पद खोसिदेलान कि भनेर डराउँथे । यो राजाको प्रस्ताव पनि म गर्छु भनेर स्वीकार गरिहाले । बिज्जु शाहले पनि उनलाई यो गर्न नै नसक्ने काम उनलाई गर्न लगाएर देश निकाला गर्न चाहान्थे । गोनुलाई एउटा बिरालो र त्यसलाई खुवाउने दूध दिइयो । गोनुले बिरालो र दूध आफ्नो घर लगे । बिरालोलाई बाँधेर राखे । लगेको दूध आफैं पिउँथे । गोनुले दरबारबाट दिनदिनै दूध लादै पिउँदै गर्थे । बिज्जु शाहले यो कुरा थाहा पाएर दरबारमा राजालाई कुरा लगाइदिए । राजाले गोनुलाई दरबारमा बोलाएर सोधे । गोनुले होइन सरकार मैले दिनदिनै दूध लादै बिरालोलाई खुवाउँदै गरेको छु । अब त बिरालो पनि अमन भइसकेको छ । मैले भोलि नै अमन भएको बिरालो दरवारमा ल्याउने छु भने । त्यसपछि घर गएर भर्खरै उमालेको दूधमा बिरालोको मुख डुबाइदिए । त्यसपछि बिरालो दूध देख्नेबित्तिकै अर्कोतिर फर्कन्थ्यो । गोनुले भोलिपल्ट बिरालो दरबारमा लगे । दरबारमा बिरालोलाई दूध दिइयो तर बिरालो दुध देख्नेबित्तिकै अर्कोतिर फर्कियो । राजा पनि खुसी भए । गोनुलाई प्रशस्तै इनाम दिए । बिज्जु शाहले पनि यो काम असम्भव छ भनेर आफ्नो पद ग्रहण गर्न सक्नेलाई दिन्छु भनेका थिए । उनको मुख्यमन्त्री पद खोसिनाका कारण बिज्जु शाह मरे ।